म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २१६ मंगलबार, ५ चैत २०८१ ने. सं. ११४५ चिल्लागा 18 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीका अनिल र अशोक गाँजासहित नेवारपानीबाट पक्राउ

हेटौंडा, ४ चैत/मकवानपुर प्रहरीले नेवारपानीबाट लागुऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा मनहरी गाउँपालिका-५, डिल्लीपुरका ३० वर्षीय अनिल तामाङ र २४ वर्षीय अशोक बल रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रहरीले हेटौंडा-१९ नेवारपानीस्थित पूर्वपश्चिम सडकखण्डअन्तर्गत चितवनबाट हेटौंडा आउँदै गरेको ना ७ ख ४५७३ नम्बरको बसलाई सुरक्षाजाँच गर्दा बसमा सवार उनीहरुको साथबाट लागूऔषध गाँजा बरामद गरेको हो । प्रहरीले अनिल र अशोकको साथबाट १० किलो ७ सय ग्राम लागूऔषध गाँजा बरामद गरेको थियो । लागूऔषध गाँजासहित अनिल र अशोक नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मकवानपुरमा ७ हजार भन्दा बढी विद्यार्थीले एसईई परीक्षा दिँदै

## २८ परीक्षा केन्द्र निर्धारण

साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/ मकवानपुरबाट ७ हजारभन्दा बढी विद्यार्थीले एसईई परीक्षा दिँदैछन् । चैत्र ७ गते बिहीबारदेखि सुरुहुने परीक्षामा नियमिततर्फ प्राविधिक र साधारण गरी ७ हजार ४ सय ५६ जना विद्यार्थीले सहभागिता जनाउन लागेका हुन् ।



यसवर्ष ग्रेडवृद्धिका लागि साधारणतर्फ १ हजार ४ सय ९५ र प्राविधिक धारतर्फ ९६ जनाले परीक्षा दिँदैछन् । परीक्षाको लागि मकवानपुरमा २८ वटा परीक्षा केन्द्र तोकिएको शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरका प्रमुख सुदीप गिरीले जानकारी दिएका छन् । गतवर्ष २६ वटा मात्रै परीक्षा केन्द्र तोकिएको मकवानपुरमा यसवर्ष कैलाश गाउँपालिकाको नामटारस्थित कालिका मावि र हेटौंडाको श्रमिक माविमा परीक्षा केन्द्र थप गरिएको प्रमुख गिरीले बताए । कैलाश गाउँपालिकामा परीक्षा केन्द्र थप गरिएसँगै मकवानपुरको सबै स्थानीय तहमा परीक्षा केन्द्र कायम भएको उनले जानकारी दिएका छन् ।

कैलाश गाउपालिकाले एसईई दिने विद्यार्थीको लागि आवसीय क्षात्रबासको व्यवस्था गरेको छ । गाउँपालिकाको लगानीमा पालिकाबाट एसईई परीक्षाको लागि सहभागी हुने १४९ जना नियमित र ६७ जना ग्रेडबृद्धिका लागि सहभागी हुने २१६ जना विद्यार्थीको लागि खाना तथा बस्ने व्यवस्था गरेको हो । यसवर्ष मकवानपुरमा बागमती गाउँपालिका अन्तर्गत जनता मावि फापरबारी, बकैया गाउँपालिकाअन्तर्गत बुद्ध मावि हात्तीसुँडे र महेन्द्र मावि छतिवन, जनकल्याण मावि पालुङ, महेन्द्र मावि भीमफेदी, मत्स्यनारायण मावि पालुङ, सरस्वती बालबोधीनी मावि मार्खु, बज्रबाराही मावि, राष्ट्रिय रोटरी मावि मनहरी, महेन्द्रकिरण मावि मनहरी परीक्षा केन्द्र कायम भएका छन् ।

महेन्द्रकिरण मावि हेटौंडा-३ बसामाडी, निर्मल मावि बस्तीपुर, वंशगोपाल मावि चौघडा, आधुनिक राष्ट्रिय मावि हेटौंडा-४, ज्ञानदा मावि हेटौंडा-१०, बालज्योति मावि हेटौंडा-५ पिप्ले, सिद्धार्थ मावि हेटौंडा-२, भुटनदेवी मावि हेटौंडा-४, जिएस निकेतन हेटौंडा-५, सोलिड्यारिटी बोर्डिङ स्कुल हेटौंडा-१०, प्रगति मावि हेटौंडा-९, जनप्रिय मावि हेटौंडा-१६, अमर मावि हेटौंडा-१, श्रमिक मावि हेटौंडा-४, चन्द्रोदय मावि हेटौंडा-८ र प्रजाजागृति मावि राक्सिराङ र कैलाश गाउँपालिका-९ नामटारमा रहेको कालिका मावि गरी २८ परीक्षा केन्द्र निर्धारण गरेको छ ।

हेटौंडाका श्रमिक माविमा भने प्राविधिक धारतर्फका विद्यार्थीहरुका लागि मात्रै केन्द्र तोकिएको छ । उनका अनुसार सबै स्थानीय तहमा केन्द्राध्यक्षलाई प्रशिक्षण दिएर खटाइएको छ । एसईई परीक्षाका लागि २८ जना केन्द्राध्यक्ष, ५१ जना सहायक केन्द्राध्यक्ष, ३७४ निरीक्षक, ७६ परीक्षा सहायक, १५० कार्यालय सहयोगी र ४२० जना सुरक्षाकर्मी खटाइएको प्रमुख गिरीले जानकारी दिए ।

प्रमुख गिरीले टाढा रहेका सबै पालिकामा प्रश्नपत्र र उत्तरपुस्तिका पुगिसकेको जानकारी दिँदै नजिकका केन्द्रमा पनि मंगलबारसम्म पुऱ्याउने तयारी रहेको बताए । परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरले सार्वजनिक गरेको तालिकाअनुसार पहिलो दिन चैत ७ गते अनिवार्य अंग्रेजी विषय, सोही दिन संस्कृत वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत र मदरसातर्फ अनिवार्य अरबी भाषाको परीक्षा हुनेछ ।

चैत ८ गते अनिवार्य नेपाली विषय, गैरनेपाली विद्यार्थीका लागि अंग्रेजी 'इलेक्टिभ इङ्लिस' को परीक्षा हुनेछ । चैत १० गते अनिवार्य गणित र चैत १२ गते अनिवार्य विज्ञान तथा प्रविधि एवम् संस्कृततर्फ शुक्लयजुर्वेद, सामवेद, अथर्ववेद, नीतिशास्त्रलगायत विषयको परीक्षा हुनेछ । १३ गते अनिवार्य सामाजिक, १४ गते ऐच्छिक प्रथम, १५ गते ऐच्छिक द्वितीयको परीक्षा सञ्चालन हुनेछ ।

लेटर ग्रेडिङ (अक्षराङ्कन) प्रणालीमै यसवर्ष पनि परीक्षाको नतिजा सार्वजनिक गर्ने तयारी गरिएको छ भने चैत १९ सम्म सञ्चालन हुने परीक्षाको नतिजामा उत्तीर्ण दरमा ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । २०८० सालको एसइईमा ४८ प्रतिशत मात्रै विद्यार्थी उत्तीर्ण भएका थिए ।

# स्वास्थ्य संस्थाको दर्ता, नवीकरण, स्तरोन्नति प्रक्रिया सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/ बागमती प्रदेशमा सञ्चालित अस्पताल तथा स्वास्थ्य संस्थाको दर्ता, नवीकरण, स्तरोन्नति लगायत प्रक्रिया सुरु भएको छ ।

ऐन र मापदण्ड तयार भएर प्रमाणिकरण भएसँगै मन्त्रालयले प्रक्रिया सुरु गरेको हो । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सूचनाअधिकारी डा.रविन भुषालका अनुसार स्वास्थ्यसेवा ऐन, स्वास्थ्य सेवा नियमावली र 'स्वास्थ्य संस्थाको आशयपत्र, सेवा सञ्चालन अनुमति, नवीकरण तथा स्तरोन्नतिसम्बन्धी मापदण्ड, २०८१' तयार भएर राजपत्रमा प्रकाशित भएसँगै प्रक्रिया सुरु गरिएको हो ।

स्वास्थ्य संस्थाको आशयपत्र, सेवा सञ्चालन अनुमति, सेवाविस्तार, शाखा विस्तार, स्तरोन्नति, स्थानान्तरण र नवीकरण प्रयोजनका लागि संस्थाले निवेदन दिन सुरु गरेको उनले जानकारी दिएका छन् । 'निवेदन प्राप्त संस्थाको विवरण सार्वजनिक गरेका छौं' भुषालले बताए । स्वास्थ्य संस्थाले प्रदेश स्वास्थ्य सेवा ऐन-२०७५, प्रदेश स्वास्थ्य सेवा नियमावली-२०७६, वातावरण संरक्षण ऐन-२०७७ र स्वास्थ्य संस्थाको आशय, सेवा सञ्चालन अनुमति, नवीकरण तथा स्तरोन्नतिसम्बन्धी मापदण्ड-२०८१ बमोजिम निवेदन दिनुपर्ने डा. भुषालले बताए । मन्त्रालयले अनलाईनबाट यस्तो सेवा दिन सुरु गरिसकेको छ ।

बागमती प्रदेशमा सञ्चालित एक सय ९५ अस्पतालले नवीकरणको समस्या भोगिरहेका थिए । नवीकरण नहुँदा स्वास्थ्य संस्थाहरु सुविधाबाट वञ्चित भएका थिए । ऐन, नियमावली र मापदण्ड निर्माणमा भएको ढिलाइले प्रदेश सरकार मातहत सञ्चालित अस्पताल तथा स्वास्थ्य संस्थाको दर्ता र नवीकरण ठप्प भएको थियो । पुष्पाञ्जली अस्पताल भरतपुरका सञ्चालक डा. भोजराज अधिकारीले अस्पताल दर्ता नवीकरण नहुँदा उपकरण खरिदमा भन्सार छुट र मूल्य अभिवृद्धि कर (भ्याट) छुट सुविधाबाट वञ्चित हुनुपरेको बताए ।

'एक वर्षदेखि भन्सारमा रोकिएको सिटी स्क्यान मेसिनमा छुटविना नै ल्याउनुपऱ्यो,' उनले भने, 'लिलाम हुने अवस्था आएपछि करिब ६० लाख रुपैयाँभन्दा बढी खर्चेर उपकरण ल्याउन बाध्य भइयो ।' भरतपुर अस्पताल विकास समितिका पूर्वअध्यक्षसमेत रहेका डा. अधिकारीले अस्पताल नवीकरण नहुँदा एम्बुलेन्स, शववाहनलगायत सवारीसाधन र उपकरण खरिदमा समस्या भएको बताए । नवीकरण नहुँदा अस्पतालको स्तरोन्नति रोकिएको र शैक्षिक कार्यक्रम प्रभावित बनेको उनको भनाइ छ ।

निजी अस्पताल समन्वय समिति चितवनका अध्यक्ष विक्रम अधिकारी सरकारले ढिला गरी ऐन पारित गर्दा अस्पताल प्रभावित बनेको बताउँछन् । उपकरण खरिद रोकिएको, बैंकको कर्जा प्रवाहमा असर परेको, सरकारले प्रदान गर्ने सेवा दिएबापतको भुक्तानी रोकिएको, शैक्षिक कार्यक्रम प्रभावित भएको, अस्पताल स्तरोन्नति र स्तरवृद्धि हुन नसकेको उनको भनाइ छ । २६ देखि दुई सय शैयासम्मका अस्पताल प्रदेशको स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा दर्ता नवीकरण हुने प्रावधान रहेको छ ।

# स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको तयारी तीव्र



साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/ मकवानपुर जिल्लाका विभिन्न क्याम्पसमा हुने स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको तयारी तीव्र बनाइएको छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत मकवानपुरमा रहेका आंगिक र सम्बन्धन प्राप्त गरी सातवटा क्याम्पसमा मंगलबार स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन हुँदैछ । आसन्न स्ववियु निर्वाचनलाई शान्त, भयरहित र मर्यादित वातावरणमा सम्पन्न गर्न जिल्ला प्रशासन कार्यालय मकवानपुरका मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, प्रहरी उपरीक्षक विश्वराज खड्कासहित जिल्लामा क्रियाशील विभिन्न विद्यार्थी संगठनका प्रमुख एवम् प्रतिनिधिको उपस्थितिमा छलफल गरिएको छ ।

स्ववियु निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सबै पक्षबाट प्रतिबद्धता जनाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । जिल्लामा रहेका मकवानपुर बहमुखी क्याम्पस, हेटौंडा क्याम्पस, मनहरी क्याम्पस, निर्मल बहुमुखी क्याम्पस, एएफयु, वंशगोपाल बहुमुखी क्याम्पस र वनविज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पसमा निर्वाचन हुने भएको छ । अनेरास्ववियु, नेपाल विद्यार्थी संघ, अनेरास्ववियु (क्रान्तिकारी), राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन, अखिल समाजवादी 'विप्लब' लगायत विद्यार्थी संगठन चुनावी प्रतिस्पर्धामा रहेका छन् ।

सबैजसो क्याम्पसमा विद्यार्थी संगठनले गठबन्धन गरेर चुनावी प्रतिस्पर्धामा होमिएका छन् । मकवानपुर बहुमुखी क्याम्पसमा सबैभन्दा बढी दुई हजार ६९८ विद्यार्थी अध्ययनरत छन् । निर्वाचन प्रक्रियालाई लिएर मकवानपुर बहुमखी क्याम्पसमा नेपाल विद्यार्थी संघ (नेविसंघ) क्याम्पस इकाई समितिले र हेटौंडा क्याम्पसमा अनेरास्ववियु (क्रान्तिकारी) ले ताला लगाएकोमा वार्ताबाट सहमतिपछि ताला खोलेका थिए ।

# सानाकिसानको स्थापना दिवस गुरुकूलका बटुकसँग



साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/हेटौंडा उपमहानगरपालिका-१८ हर्नामाडीस्थित सानाकिसान कृषि सहकारी संस्था लिमिटेडले १५ औं स्थापना दिवस गुरुकूलका बटुकसँग मनाएको छ ।

सहकारीले सोमबार हेटौंडा-१८ ठुलोदमारस्थित श्रीवैदिक संस्कृत गुरुकूलमा एकदिनको खाना खुवाएर स्थापना दिवस मनाएको हो । आश्रमका १६ जना बटुकलाइ खाना खुवाइएको सहकारी अध्यक्ष रेखा खतिवडाले बताइन् । सहकारीले भावी दिनमा थप नवीतम र आकर्षित सेवा उपलब्ध गराउन बचतकर्ता र सहकारी सदस्यको सहयोगका लागि उनले अपिल गरेकी छन् ।

यसअघि सहकारीले स्थापना दिवसमा वृद्धाश्रममा खाना खुवाउने तथा अन्तरक्रियात्मक कार्यक्रम आयोजना गर्ने गरेको थियो । सहकारीमा १ हजार ५६ जना महिला सदस्य आवद्ध छन् । सहकारीमा २ सय १४ समूह छन् । जसमा १ हजार १७ सय जनाले नियमित बचत गर्छन् । सहकारीको शेयरपुँजी १ करोड १० लाख रुपैयाँ रहेको छ । १ करोड २४ लाख ३० हजार ९ सय १८ रुपैयाँ जगेडाकोष, निक्षेप संकलन ६ करोड ४६ लाख ४२ हजार ६ सय ८८ रुपैयाँ र ३८ लाख रुपैयाँ सहकारीको कूलनाफा रहेको संस्थाका व्यवस्थापक माधव पुडासैनीले बताए ।

त्यस्तै मल, बीउ विक्री वितरण, दूध संकलन, बजारीकरण, कृषिऔजार वितरण, धान पकेट, मकै पकेट, दाना चोकर वितरण जस्ता सेवा सहकारीले दिँदै आएको उनले बताए । सहकारील दैनिक १४ सय लिटर दूध सकलन गर्ने गरेको व्यवस्थापक पुडासैनीले बताए । सहकारीको लगानी १७ करोड १२ लाख ४१ हजार ६ सय ४५ रुपैयाँ रहेको छ । जम्मा कारोबार २० करोड रुपैयाँ रहेको छ ।

संस्थाले पशुजन्य सेवा, पशुपालन कर्जा, बागमती प्रदेश अन्तर्गतको सहुलियतपूर्ण कर्जा, ग्रामीणउद्यम कर्जा, लघु प्रबर्द्धन कर्जा ऋणसेवा दिइरहेको छ । कार्यक्रममा आश्रमका अध्यक्ष खेटराज दुलाल, आश्रमका प्राचार्य खगेन्द्र कोईराला, ज्योति मावि हर्नामाडी व्यवस्थापन समिति अध्यक्ष हर्क रम्तेल, गुरुकूल उपाध्यक्ष जीतेन्द्र नेपाल, सहकारीका सल्लाहकार केशवराज पण्डित लगायतको उपस्थिति थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# घिटिघिटी गर्दै सरकारी सिमेन्ट

सरकारी स्वामित्वका उद्योग, कलकारखाना ठप्प पार्ने र निजीक्षेत्रका व्यवसायीलाई सुम्पने खेल पुरानै हो । यही पुरानै परम्परा कायम गर्ने पर्खाइमा रहेको हेटौंडा सिमेन्ट उद्योग आर्थिक वर्ष २०७५/७६ देखि निरन्तर घाटामा चल्दै आएको छ । यो उद्योगको वार्षिक उत्पादन क्षमता प्रतिदिन ७ सय २२ टन हो । तर, क्षमताभन्दा कम परिमाणमा सिमेन्ट उत्पादन गरेका कारण उद्योगले सञ्चालन खर्च धान्न नसकेर बन्द हुन पुगेको छ । हेटौंडा सिमेन्ट उद्योगले कम परिमाणमा क्लिंकर उत्पादन भएकाले बन्द गर्नुपरेको तर्क गरेको छ । पैसा नहुँदा कोइला किन्न नसक्नु र पुराना मेसिन-उपकरण बारम्बार बिग्रिरहने कारण नियमित उद्योग चलाउन नसकिएको उद्योगको तर्क छ । उद्योग पूर्ण क्षमतामा सञ्चालन गर्न हेटौंडा सिमेन्टले सरकारसँग १ अर्ब ९ करोड रुपैयाँ मागेको थियो । तर, सरकारले उद्योगको मागलाई पत्याएन । बरु, उल्टै निजीकरण गर्ने सूचीमा हालिदियो । हेटौंडा सिमेन्टले आव २०७४/७५ मा १६ करोड ३६ लाख रुपैयाँ नाफा कमाएको थियो ।

लगत्तै अर्को आवमा १ करोड ५ लाख घाटामा गयो । आव २०७५/७६ मा २० लाख ८६ हजार ६ सय ६७ बोरा सिमेन्ट बेचेको उद्योगले १ अर्ब ६४ करोड आम्दानी गरेपनि १ अर्ब ६५ करोड खर्च गरेको थियो । त्यसैगरी २०७६/७७ मा उद्योगले १४ लाख ५५ हजार ९ सय ६ बोरा सिमेन्ट बेचे पनि २३ करोड ८२ लाख रुपैयाँ घाटामा गयो । २०७७/७८ मा १८ लाख ५३ हजार ७ सय ६४ बोरा सिमेन्ट बेच्दा पनि १७ करोड ४ लाख घाटा बेहोरेको हो । २०७८/७९ मा १० करोड ६९ लाख घाटा बेहोर्दा १६ लाख १३ हजार ९ सय ६४ बोरा सिमेन्ट बेचेको थियो । हेटौंडा सिमेन्ट उद्योगले २०७९/८० मा साढे २५ करोड रुपैयाँ घाटा बेहोरेको थियो । त्यसबेला सवा ९ लाख बोरा मात्र सिमेन्ट उत्पादन गरेको थियो । गत आव २०८०/८१ मा उद्योगले सवा ६ लाख बोरा सिमेन्ट उत्पादन गरेको थियो । ओरालो यात्रा सुरु भएको हेटौंडा सिमेन्ट उद्योग पूर्ण क्षमतामा चलाउने दाबी उद्योगका अधिकारीहरुले गरिरहेका छन् । गएको मंसिर पहिलो सातादेखि उद्योग सञ्चालन गर्ने भनिए पनि अहिलेसम्म उद्योग सञ्चालनमा आउन नसकेको उद्योगले जनाएको छ । हाल लोडसेडिङले गर्दा पनि उद्योग सञ्चालनमा ल्याउन नसकिएको दाबी छ । अहिले बिहान र बेलुका गरेर ४/४ घण्टा उद्योगमा बत्ती काटिएको बताइएको छ । समयमै विद्युत महशुल तिरेको भए प्राधिकरणले लाइन काट्ने थिएन होला । बत्तीको व्यवस्था भयो भने चैतको दोस्रो सातादेखि उत्पादन सुरु गर्ने योजनामा रहेको उद्योग प्रशासनले जनाएको छ ।

पाँच महिनादेखि उद्योग बन्द हुनुको कारण लोडसेडिङ मात्रै होइन, उद्योग सञ्चालनमा अन्य धेरै समस्या छन् । उद्योगका उपकरण पनि मर्मत भएका छैनन् । आर्थिक समस्याका कारण पनि उद्योग सञ्चालन गर्न नसकिएको हो । अहिले उत्पादन ठप्प छ, नियमित खर्च पनि उठिरहेको छैन । तीन महिनादेखि कर्मचारीको तलबभत्ता दिन सकेको छैन । व्यवस्थापकीय कमजोरीका कारण उद्योग बन्द भएको निष्कर्षमा पुगेको सरकारले पैसा दिने निर्णय हालसम्म गरेको छैन । जसरी भए पनि सरकारले उद्योग चलाउन भनेको छ । सरकारले जसरी हुन्छ उद्योग चलाउनुपर्‍यो भनेको छ तर, वातावरण भने बनाउनै खोज्दैन । त्यसका लागि सरकारबाट आर्थिक पहल केही भएको छैन । यस विषयमा उद्योगमन्त्रीसँग पनि कुरा भइसकेको उद्योग व्यवस्थापनले जनाएको छ । आन्तरिक स्रोतबाटै भएपनि कर्मचारीको तलबभत्ता व्यवस्थापन गर्ने र जसरी हुन्छ उद्योग सञ्चालनमा ल्याएरै छाड्ने गरी काम गरिरहेको उद्योगका अधिकारीहरु बताउँछन् । अहिले हेटौंडा सिमेन्ट उद्योगमा १ सय ६८ कर्मचारी छन् । २०३३ सालमा स्थापना भएको उद्योगले २०४३ सालदेखि सिमेन्टको व्यवसायिक उत्पादन सुरु गरेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत ६ गते बुधबार १९ मार्च २०२५ । पञ्चमी, फागुन शुक्लपक्ष । चिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:११, सूर्यास्त ६:१४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलो यात्रा हुनेछ | तुला | : धार्मिक आस्था बढ्नेछ |
| वृष | : धन कमाउने योग परेको छ | वृश्चिक | : कल्याणकारी कार्यको अवसर |
| मिथुन | : पश्चात्ताप लाग्नेछ | धनु | : अधिक परिश्रम गर्नु पर्नेछ |
| कर्कट | : शारीरिक आलस्यता बढ्नेछ | मकर | : मेहनतको फल पाइनेछ |
| सिंह | : सकारात्मक सोचाइ रहनेछ | कुम्भ | : कार्यभार र व्यस्तता बढ्नेछ |
| कन्या | : दया मायाका कार्य हुनेछन् | मीन | : व्यापार-व्यवसाय सामान्य रहनेछ |

# आप्रवासी नेपालीको अन्तिम आश्रयस्थल कहाँ ?



डा. चन्द्र गिरी

विगत ३३ वर्षदेखि विदेशमा र पछिल्ला २५ वर्षदेखि अमेरिकामा बसोबास गर्दै आएको म एक नेपाली । मेरो मथिङ्गलमा एउटा प्रश्न अनायासै घुमिरहेको छ- कथंकदाचित अमेरिका छोडेर भाग्नुपर्ने स्थिति आयो भने कहाँ जाने होला ? यो प्रश्न उब्जिनु पछाडिको कारण, हालसालै अमेरिकामा आएको नयाँ प्रशासन र उसको 'आप्रवासी विरोधी' नीति हो । यहाँबाट भागाभाग नै गर्नुपर्ने परिस्थिति आउने सम्भावना ज्यादै न्यून भए पनि आउँदै आउँदैन भन्न सकिँदैन । यो प्रश्न झट्ट हेर्दा जटिल लागे पनि, उत्तर भने आश्चर्यजनक रूपमा सरल रहेछ । उत्तर सरल भए पनि त्यसलाई प्रभावकारी रूपमा बुझ्न र लागू गर्नका लागि केही हदसम्म पूर्वतयारी आवश्यक पर्ने रहेछ ।

विदेशी भूमिमा बस्ने नेपालीको जीवन मुख्यत: त्यहाँको राजनीतिक, आर्थिक र सामाजिक अवस्थासँग गहिरो रूपमा जोडिएको हुन्छ । जबसम्म यी परिस्थिति अनुकूल रहन्छन्, तबसम्म उनीहरूले स्थिर र सहज जीवनयापन गर्न सक्छन् । आर्थिक रूपमा सबल हुँदै गएपछि उनीहरू आफ्नो क्षमता पूर्ण रूपमा अभिव्यक्त गर्न पाउँछन्, विभिन्न पेशागत अवसर हासिल गर्छन् र आफ्नो जीवनस्तर उकास्न सक्षम हुन्छन् । सुरक्षित वातावरणले आत्मविश्वास बढाउँछ, सम्मानजनक स्थान दिलाउँछ र समाजमा सहज रूपमा घुलमिल हुने अवसर प्रदान गर्दछ । यसरी अनुकूल अवस्था रहुन्जेल नेपाली आप्रवासीहरूले आफू बसेको देशलाई 'दोस्रो घर' का रूपमा स्वीकार गर्दछन् ।

अवस्था सधैं उस्तै रहन्छ भन्ने हुँदैन । जब राजनीतिक अस्थिरता बढ्छ, आर्थिक मन्दीले रोजगारी र आयस्रोत खुम्च्याउँछ वा सामाजिक अशान्तिले आप्रवासीहरूलाई असुरक्षित महसुस गराउँछ, तब विदेशी भूमिमा बसेका नेपालीहरू मैले जस्तै आफैंलाई एक गम्भीर प्रश्न सोध्न बाध्य हुन्छन्- अब कहाँ जाने ? आफ्नो मिहिनेतले जरो गाडेको ठाउँ एकाएक अस्थिर बन्दै गएपछि भविष्यप्रति अनिश्चितता बढ्दै जान्छ र सुरक्षित स्थान खोज्ने आवश्यकता टड्कारो बन्छ । इतिहासले देखाएको छ- संकटकालीन परिस्थितिमा विश्वभर छरिएर बसेका नेपालीहरू अन्तत: आफ्नो जन्मभूमि नेपालै फर्किन्छन् । आफ्नै माटो, भाषा, संस्कृति र पहिचानको परिधिभित्र न्यानो सुरक्षा महसुस गर्दछन् ।

**ऐतिहासिक उदाहरण**

सन् १९६२ मा जनरल ने विनको नेतृत्वमा भएको म्यानमारको सैनिक 'कु'ले त्यहाँ बसेका नेपालीभाषी समुदायमा गहिरो असर पार्‍यो । मिलिटरी शासकले नेपाली लगायत सबै विदेशीको धनसम्पत्ति, व्यापार-व्यवसाय राष्ट्रियकरण गरिदिए । पुस्तौंदेखि बसेका नेपालीलाई 'विदेशी' को दर्जामा राखिदिए र समुदाय-समुदायबीच तनाव उत्पन्न गराइदिए । कुनै समय व्यापार, कृषि र सैन्य सेवामा महत्त्वपूर्ण भूमिका खेलेको समृद्ध नेपाली समुदाय देश छोड्न बाध्य हुनुपर्‍यो ।

त्यो बेला ज्यादै छोटो अवधिमा करिब दुई लाख नेपालीभाषी विस्थापित भए । तीमध्ये धेरै जना आफ्नो पुर्ख्यौली जन्मथलो नेपाल फर्किए । यो घटनाले संकटको समयमा नेपाल नै नेपालीहरूको अन्तिम भरोसा हुने सत्यलाई उजागर गर्‍यो । त्यस्तै सन् १९८० को दशकको अन्ततिर र १९९० दशकको सुरूवाती वर्षहरूमा भुटान सरकारले नेपाली मूलका ल्होत्साम्पा समुदायलाई भाषा र पोशाकको बहानामा अवैध आप्रवासी घोषणा गरी नागरिकता खोस्यो र देश छोड्न बाध्य पार्‍यो । त्यो अवधिमा करिब एक लाख ल्होत्साम्पा शरणार्थीहरूले रातारात भुटान छोड्न बाध्य हुनुपर्‍यो । उनीहरू भारतको वेष्ट बंगालमा नबसी झापा र मोरङका शिविरहरूमा बस्न बाध्य भए । वर्षौंपछि धेरैलाई तेस्रो देशमा पुनर्स्थापना गरिए पनि केहीले नेपाललाई नै आफ्नो स्थायी आश्रयस्थल बनाए । यसले नेपालको भूमिका नेपाली शरणार्थीहरूलाई आश्रय दिने मात्र नभई तिनीहरूको पहिचान र अस्तित्वलाई बचाउने स्थानको रूपमा पनि स्थापित गर्‍यो ।

**सिंगापुर, बेलायत र लिबियाका नेपाली**

सिंगापुरमा नेपालीहरू प्राय: गोर्खा सैनिकको रूपमा परिचित छन् । उनीहरूलाई सिंगापुर प्रहरी बलको गोर्खा दलमा विशेष स्थान दिइएको छ । तर, सेवा अवधि समाप्त भएपछि तिनीहरूलाई सिंगापुरमा बसोबास गर्न अनुमति दिइँदैन र उनीहरू नेपाल फर्कन बाध्य हुन्छन् । बेलायती सेनामा गोर्खा सैनिकको रूपमा सेवा गर्ने नेपालीहरूको इतिहास लामो छ । सेवा अवधि समाप्त भएपछि धेरैले नेपाल फर्केर आफ्नो जीवनयापन गरेका छन् । केहीले बेलायतमा बसोबासको अनुमति पाए पनि धेरैले नेपाललाई नै आफ्नो स्थायी घर बनाएका छन् । सन् २०११ को लिबियाली गृहयुद्धका बेला त्यहाँ काम गर्न गएका करिब तीन हजार नेपाली कामदार संकटमा परे । धेरैले लिबिया छोड्न बाध्य भए र नेपाल सरकारले तिनीहरूको उद्धारका लागि पहल गर्‍यो । यी तीन उदाहरणले नेपाल केवल नेपाली शरणार्थीहरूको लागि मात्र नभई विदेशमा काम गरेर फर्कनेहरूको लागि पनि महत्वपूर्ण आश्रयस्थल रहेको देखाउँछ ।

**अमेरिकामा आप्रवासन नीतिहरू**

ट्रम्प प्रशासनको दोस्रो कार्यकालमा अमेरिकामा आप्रवासन सम्बन्धी नीतिहरू कडा भएका कारण नेपाली आप्रवासीमा पनि प्रभाव पर्‍यो वा पर्न थालेको छ । आफ्नो कार्यकाल सुरू गरेको पहिलो दिन नै अवैध आप्रवासीहरूलाई लक्षित गर्दै ट्रम्पले कार्यकारी आदेश जारी गरे, जसले गर्दा केही नेपाली नागरिकहरू अमेरिका छोड्न बाध्य भए वा भइरहेका छन् । डिपोर्ट वा देशनिकाला गरिएका नेपालीहरू अमेरिकामा अवैध रूपमा आएका, बसिरहेका वा कुनै न कुनै अपराधमा संलग्न थिए भनिएको छ ।

वैध रूपमा अमेरिका आएर ग्रीनकार्ड वा नागरिकता प्राप्त गरेर बसेका आप्रवासीहरू समेत डिपोर्ट हुन सक्छन् भन्ने चर्चा तीव्र रूपमा हुन थालेको छ । यसको मूल कारण हेरिटेज फाउन्डेशनद्वारा प्रस्तावित 'प्रोजेक्ट २०२५' मा उल्लिखित आप्रवासन सम्बन्धी कठोर परिवर्तनहरू हुन् । प्रोजेक्ट २०२५ ले 'डिन्याचर लाइजेसन' अर्थात् पहिले प्रदान गरिएको अमेरिकी नागरिकता खारेज गर्ने प्रक्रियासम्मको प्रस्ताव राखेको छ, जसले दीर्घकालीन रूपमा अमेरिका बसेका लाखौं आप्रवासीको सुरक्षामा गम्भीर प्रश्न उठाएको छ । सबैभन्दा चिन्ताजनक पक्ष के हो भने, प्रोजेक्ट २०२५ का मुख्य योजनाकारहरूले नै ट्रम्प प्रशासनमा महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् । यदि उनीहरूको यो नीति कार्यान्वयन भयो भने अमेरिकी नागरिकता वा ग्रीनकार्ड प्राप्त गरेका आप्रवासीहरू समेत फेरि कानूनी अन्योल र असुरक्षाको अवस्थामा पर्न सक्ने सम्भावना बढेको छ ।

परम्परागत रूपमा 'डिन्याचरलाइजेसन' प्रक्रिया विरलै प्रयोगमा आएको थियो । मूलत: ढाँटेर वा धोकाधडी गरेर नागरिकता लिएको भए खारेज हुन सक्थ्यो । डोनाल्ड ट्रम्पको अघिल्लो प्रशासनको समयमा (२०१६-२०२०) यस्ता मामिलाहरूको पहिचान र अभियोजनमा प्रयासहरू तीव्र भएका थिए । सन् २०१८ मा अमेरिकी नागरिकता र आप्रवासन सेवा (यूएससीआईएस) ले लगभग १,६०० मामिलाहरूलाई सम्भावित नागरिकता खारेजीको लागि सिफारिस गर्ने योजना घोषणा गरेको थियो । खोतल्यो भने धेरै जनाको कमी-कमजोरी नभेटिएलान् भन्न सकिन्न । ट्रम्प प्रशासनले सन् १९५२ मा पारित अध्यागमन र राष्ट्रियता ऐन समेत प्रयोग गर्ने आशंका गरिएको छ । यो ऐनअन्तर्गत ग्रीनकार्ड लिएका वा अमेरिकी नागरिक बनेका व्यक्तिहरूलाई विशेष परिस्थितिमा डिपोर्ट गर्न सकिने प्रावधान छ । यद्यपि यस्तो प्रक्रिया अत्यन्तै दुर्लभ र जटिल हुन्छ भन्छन् कानूनविद्हरू ।

प्रोजेक्ट २०२५ का एक प्रमुख योजनाकार स्टेफन मिलरले ट्रम्प प्रशासनमा नागरिकता खारेजी प्रयासहरूलाई 'टर्बोचार्ज' गर्ने कुरा सार्वजनिक रूपमा बताएका छन् । यसले परम्परागत आधारहरू भन्दा बाहिर नागरिकता खारेजीको मापदण्डहरू विस्तार गर्ने सम्भावना देखाउँछ । आलोचकहरूले यस्ता उपायहरूले नागरिक स्वतन्त्रताहरूको उल्लंघन र उचित प्रक्रियाको क्षयतर्फ लैजान सक्ने तर्क गरेका छन् । कानून विज्ञहरूले नागरिकता खारेजी मापदण्डहरूको व्यापकताले विशेष समुदायहरूलाई असमान रूपमा लक्षित गर्न सक्ने र प्राकृतिक नागरिकहरूमा डरको वातावरण सिर्जना गर्न सक्ने चिन्ता व्यक्त गर्छन् । डिन्याचरलाइजेसन र डिपोर्टेसन भन्दा पनि अझै डरलाग्दो कुरा भनेको सुरक्षाको ग्यारेन्टी नहुनु हो । यदि आप्रवासीहरू विरुद्ध संगठित आन्दोलन सुरु भयो भने एउटा झोला बोकेर रातारात भाग्नुपर्ने स्थिति नआउला भन्न सकिन्न । यस्तो भयावह अवस्था नेपालीहरूले बर्मा र भुटानमा भोगिसकेको कुरा माथि नै उल्लेख गरिसकियो । कानूनी रूपमा बसेका आप्रवासीहरूका लागि नागरिकता वा स्थायी बसोबास गुमाउनु ठूलो समस्या हो । तर यदि समाज नै उनीहरू विरुद्ध खडा हुन्छ भने कानूनी अधिकारभन्दा पनि भौतिक सुरक्षा मुख्य चिन्ताको विषय बन्छ ।

**भारतीय डायस्पोराका अनुभव**

भारतीय डायस्पोरा विश्वकै सबैभन्दा ठूलोमध्येको एक हो । यसले पनि यस्तै सामुदायिक चुनौती बारम्बार भोग्नुपरेको छ । सन् २०२१ मा दक्षिण अफ्रिकाका दुई प्रान्तमा हजारौं भारतीय व्यापार-व्यवसायमा तोडफोड र लुटपाट गरिएको थियो । अज्ञात संख्यामा भारतीयहरू मारिएको खबरहरू आएका थिए । त्यस्तै, २०२१ मा कंगोमा पनि भारतीय समुदायलाई लक्षित आक्रमण भएको थियो । २०१३ मा केन्याको नैरोबीस्थित वेस्टगेट मलमा भएको आतंकवादी आक्रमणले पनि भारतीय समुदायलाई असर पुर्‍याएको थियो । फिजीमा पनि भारतीय समुदायले भागाभाग गर्नुपरेका घटनाहरू हालसम्म ताजै छन् ।

माथि उल्लिखित उदाहरण त भए सम्पूर्ण आप्रवासी समुदायलाई असर पार्ने र समाचारमा आएका केही ठूला घटनाहरू । यस्ता धेरै घटना छन्, जुन समाचार बन्नै पाउँदैनन्, जसबारे बाहिरी संसारले केही थाहा पाउँदैन । परिवारस्तरका संघर्षहरू, सानो समुदायभित्र घट्ने घटनाहरू र व्यक्तिगत रूपमा भोगिएका अन्यायहरू प्राय: चर्चामै आउँदैनन् । धेरै आप्रवासीहरू कानूनी जटिलता, भाषा वा सामाजिक डरका कारण आफ्ना दु:ख सार्वजनिक गर्न सक्दैनन् ।

**नेपालसागको सम्बन्ध कायम राख्नु आवश्यक**

विषम परिस्थिति कहिले आउने हो, कसरी आउने हो भविष्यवाणी गर्न सकिन्न । आपत्कालीन अवस्था अचानक उत्पन्न हुन सक्छ, जसले जीवनलाई अनिश्चिततातर्फ धकेल्न सक्छ । यस्तो परिस्थितिमा आफ्नो मातृभूमिसँगको सम्बन्ध कमजोर बनाउनुहुँदैन, बरू अझ बलियो बनाउन आवश्यक छ । पुर्ख्यौली जरा पनि उखेल्नुहुँदैन । पछिल्लो समय केही नेपालीले नेपालमा भएको अचल सम्पत्ति बेचेर विदेश लैजान थालेका छन् । जबसम्म परिस्थिति अनुकूल छ, त्यसरी ल्याएको सम्पत्तिले जीवन सहज बनाउन सक्छ । तर भाग्नु परे त्यो सबै छोडेर भाग्नुपर्छ । त्यसैगरी विदेशमा कमाएको सम्पूर्ण धन-सम्पत्ति त्यो देशमा मात्र लगानी गर्नु पनि जोखिमपूर्ण छ । आपत्कालीन अवस्थामा जीवनभर दु:ख गरेर कमाएको धन-सम्पत्ति त्यागेर ज्यान जोगाउँदै भाग्नुपर्ने बाध्यता पनि सिर्जना हुन सक्छ ।

त्यस्तो विषम परिस्थितिमा आफ्ना सन्तान र दरसन्तानको भविष्य कस्तो हुन्छ भन्ने कुरा अनुमान गर्नु झनै कठिन छ । यद्यपि उनीहरूलाई नेपाली भाषा, संस्कृति र परम्परासँग जोडिराख्नु अत्यन्त जरूरी छ । उनीहरूको नेपालसँगको सम्बन्ध भावनात्मक मात्र नभई व्यावहारिक रूपमा पनि मजबूत रहिरहोस् भनेर सचेत हुन जरूरी छ ।

**निष्कर्ष**

विदेशमा बसेका नेपालीले विश्वभर आफ्नो योगदान दिइरहेका छन् । तिनीहरू र उनीहरूका सन्तान, दरसन्तानले आफ्नो मातृभूमिसँगको सम्बन्ध कायम राख्नु अत्यावश्यक छ । चाहे अचल सम्पत्तिको माध्यमबाट होस्, सांस्कृतिक जडानबाट होस् वा फर्कने बाटो खुला राखेर होस्- नेपाललाई तिनीहरूको पहिचानको केन्द्र बनाउनु जरूरी छ । यो अप्रत्याशित संसारमा, मातृभूमि नै संकटकालीन अवस्थामा आफ्ना सन्तानहरूलाई स्वागत गर्न तयार छ र रहिरहनेछ ।

*(साभार: अनलाइनखबर)*

# लोकतन्त्रको विकल्पमा राजतन्त्र सम्भव छ त ?

शंकरनाथ काफ्ले

केही दिनअघि अर्थात् गत फागुन २५ गते पूर्वराजा ज्ञानेन्द्रको स्वागतमा त्रिभुवन विमानस्थलको ढोकाअगाडि हजारौंको संख्यामा मानिसको उपस्थिति भयो । पूर्वराजालाई एयरपोर्टदेखि निर्मल निवाससम्म पुर्‍याउनको लागि ठूलै भीड छिचोल्नुपर्ने अवस्था आएको थियो । करिब ३ घन्टाको समय पूर्वराजाले आफ्ना शुभचिन्तकहरुको लागि गाडीमा उभिएर अभिवादन गरिरहेका थिए । उपस्थित व्यक्तिहरुमध्ये केहीले पूर्वराजालाई सिधै नारायणहिटी दरबारमा लगेर राजा बनाइहाल्ने सपना पनि देखेका थिए । केही व्यक्तिले उक्त दिनको जनसागर देखेर वर्तमान सरकारले तत्काल संवैधानिक राजतन्त्रसहितको प्रजातन्त्र घोषणा गर्न पहल गर्नेछन् भन्ने सपना पनि देखेका थिए । कतिले अब राजतन्त्र आयो-आयो, तसर्थ नेताहरुको भागाभाग हुने भयो भन्ने दिवास्वप्न पनि देखिरहेका थिए । हुन पनि कुनै उपलब्धि हासिल गरेर वा कुनै विजयको तक्मा भिरेर आएको नभए पनि एयरपोर्टमा पूर्वराजा झर्दा हजारौं व्यक्तिको मुहारमा वास्तविक विजयको चमक भने अवश्य छाएको देखिन्थ्यो ।

हुन पनि मानिसहरुमा देखिएको त्यो विजयको चमक देखावटी थिएन, वास्तविक नै थियो । त्यहाँ उपस्थित धेरै व्यक्तिहरुको लागि उक्त घटना निराशाहरुको बीचमा एउटा आशाको किरण अवश्य थियो । भनिन्छ, लोकतन्त्रको विकल्प लोकतन्त्र मात्र हुन्छ । हुन पनि लोकतन्त्रको विकल्पमा अन्य कुनै पनि तन्त्र हुनै सक्दैन । हजारौं नेपालीको बलिदानीबाट र लाखौं नेपालीको अथक प्रयासबाट आएको लोकतन्त्र नेपाली जनताको लागि अवश्य प्यारो छ । यसको हरण कुनै बहानामा कुनै पक्षबाट नहोस् भन्ने आम नेपाली जनताको चाहना पनि छ । राजतन्त्र चाहनेहरुले पनि नेताहरुले इमानदार भएर काम गर्न सकेनन्, जनतालाई धोखा मात्र दिए । तसर्थ राजतन्त्र आवश्यक परेको हो भनेर आफ्नो तर्फबाट दलिल प्रस्तुत गरिरहेको देखिन्छ ।

हुन पनि जसले लोकतन्त्रको रक्षाको लागि इमानदार भएर कार्य गर्नुपर्ने हो उसैले नै लोकतन्त्रको चिरहरण गर्ने प्रयास गरेपछि जनतामा निराशा छाउनु स्वाभाविक पनि हो । आजको वास्तविकता पनि यही हो । लोकतन्त्रमा जनताले आफ्नो प्रतिनिधिमार्फत मुलुक र जनताको भलो हुने कार्य खोजिरहेका हुन्छन् । आफ्नो प्रतिनिधिले जनताको दु:ख देख्दै नदेख्ने, आफ्नो प्रमुख जिम्मेवारी बुझ्दै नबुझ्ने, मुलुकको स्वाधीनता र स्वाभिमानको कुनै मतलब नै नराख्ने र स्वार्थको लागि एक-आपसमा जुधेर अस्थिर राजनीतिको खेल खेलिरहने भएपछि जनतामा व्यापक निराशा जाग्नु स्वाभाविक नै हो । जनतामा जागेको निराशालाई हतियार बनाएर कुनै दृश्य वा अदृश्य शक्तिले कुनै चाल चाल्नुलाई अनौठो मान्नुपर्दैन, त्यो आवश्यकता पनि हो । लोकतन्त्रको विकल्प लोकतन्त्र मात्र हुने गर्दछ । तर लोकतन्त्रले नै विकल्पको रुपमा रहेको लोकतन्त्रको नै हत्या गरिदियो भने अवश्य पनि अर्को तन्त्र आउनुपर्ने हुन्छ । सबैले बुझ्नै पर्ने हुन्छ कि, कुनै पनि विषयमा विकल्पको नितान्त आवश्यकता पर्दछ ।

विकल्पबेगर कोही पनि ढुक्क र शान्तिसँग बस्न सक्दैनन् । सानो दृष्टान्त नै हेरौं, परिवारमा सबै स्वस्थ भए पनि कुन बेला के पर्छ, के पर्छ भनेर मानिसले सिटामोलको व्यवस्था गरिरहेका हुन्छन् । भान्सामा आजलाई पुग्ने सागसब्जी पर्याप्त भए पनि कोही पाहुना आइपुग्लान् वा भोलि के खाने हो भनेर विकल्पमा थप केही सागसब्जीको व्यवस्था गरिहेका हुन्छन् । मासिक आम्दानीले गुजारा चलिरहेको भए पनि कुन बेला के पर्छ, के पर्छ भनेर मानिसले बैंकमा दुई-चार हजार जम्मा गरिरहेका नै हुन्छन् । घरमा बस्ने, अफिसमा जाने लुगाहरु प्रशस्त भए पनि कुन बेला कसले विवाह-पास्नी भोजमा बोलाउलान् र आपत् पर्ला भनेर अलि राम्रो लुगाको जोहो गरेर राखिरहेका हुन्छन् ।

वर्षदिनभरलाई पुग्ने अन्न भकारीमा राखिएको भए पनि भविष्यमा के पर्ला, के पर्ला भनेर थप अन्नपातको व्यवस्था गरिराखेका नै हुन्छन् । भन्न खोजिएको कुरा, प्रत्येक कुरामा मानिसले विकल्प खोजिरहेका नै हुन्छन् । विकल्प भनेको प्रयोग गर्नै पर्ने कुरा होइन, पर्‍यो भने मात्र प्रयोग गर्ने चिज हो । आजभोलि लोडसेडिङ भैरहेको छैन, तर पनि मानिसले बत्ती जाला र वाइफाइ बन्द होला भनेर कुनै न कुनै ब्याकअपको व्यवस्था गरिरहेका हुन्छन् ।

तसर्थ विकल्प खोज्नु मानवीय स्वभाव हो । त्यस्तै मानिसले आवश्यक पर्दा प्रयोग गर्ने भनेर आफ्नो वैकल्पिक विचार पनि विकसित गरिरहेका हुन्छन्, तसर्थ विकल्प लोकतन्त्रको पर्याय पनि हो । जब विकल्पलाई समाप्त पार्ने प्रयास गरिन्छ तब कुनै पनि तन्त्र दीर्घकालीन हुन सक्दैन । आज सकारात्मक विकल्पहरुमाथि पनि प्रहार गर्ने कार्य भइरहेको छ । हामीले लोकतन्त्रमा रहेर विभिन्न बहानामा लोकतन्त्रकै घाँटी निमोठ्ने कुकृत्य गरिरहेपछि पुन: राजतन्त्र विकल्पको रुपमा उभिन खोज्नु कुनै आश्चर्यको विषय होइन । लोकतन्त्र भनेको राजनीतिको विकल्प पनि हो । सत्ताधारी दलले जनचाहना अनुसार राम्रो काम गर्न सकेन भने आवधिक निर्वाचनमा उक्त दललाई मत नदिएर विकल्पमा रहेको अर्को दललाई मत दिएर सरकार बनाउनको लागि जनताले अधिकार दिने व्यवस्था भनेको नै लोकतन्त्र हो । लोकतन्त्रको जति नै रट लगाए पनि जनताले निर्वाचनमा मात्र आफ्नो मतद्वारा निर्णय दिने गर्दछन् ।

तसर्थ लोकतन्त्रमा मतदानको अधिकारलाई सबैभन्दा ठूलो अधिकारको रुपमा स्वीकार गरिन्छ । निर्वाचनमा मत नपाए व्यक्ति वा नेताले आफूलाई जनताले दण्डित गरेको ठानेर ५ वर्षसम्म प्रतिनिधिको पगरी नगुत्नु जनताको जनमतको सम्मान गर्नु हो । तर हामी एउटा निर्वाचनमा पराजय भयौं भने अर्को खाले निर्वाचनमा उठेर जनप्रतिनिधि हुन खोज्छौं, निर्वाचनबाट जित्दै जितिएन भने मनोनीत भएर हुन्छ कि अन्य विकल्प अपनाएर हुन्छ प्रतिनिधि भएरै छाड्छौं, जुन कार्य जनमतको घोर अनादर हो । यस्तो कार्य गरेपछि जनतामा लोकतन्त्रप्रति वितृष्णा जाग्नु स्वाभाविक पनि हो । हाम्रा कैयौं नेताहरु निर्वाचनमा पराजय भएर पनि सांसद बनिरहेका छन् । के यो जनताप्रति गरिएको अपमान होइन ? के यस्तो कार्यले लोकतन्त्र सुदृढ हुन्छ ? यो कार्य गर्ने र गराउनेहरु जो आफूलाई लोकतन्त्रको सर्जक भन्ने पात्रहरुले नै गरिरहेका होइनन् र ? लोकतन्त्रको बलात्कार गर्ने अनि लोकतन्त्रमाथि अरुले धावा बोले भनेर रोइलो गरेर हुन्छ र ? प्रश्न जिम्मेवार नेताहरुमाथि तेर्सिएको छ । लोकतन्त्रमा विकल्पको स्थान दिनुपर्ने हुन्छ ।

आज संसद्मा पहिलो ठूलो दल र दोस्रो ठूलो दल दुवै सरकारमा सहभागी भैरहेका छन् । यी दुई शक्ति स्थायी प्रतिद्वन्द्वी हुन् तर पनि एउटै थालमा भात खाइरहेका छन् । ०८४ को निर्वाचनमा यी दुई ठूला दलहरुले कस्तो राजनीतिक विकल्प छाड्ने भएका छन् त ? यिनीहरुले राम्रो गरे भने पनि दुईमध्ये कुन दलले राम्रो गर्‍यो भनेर कुन दललाई जनताले मत दिने ? यिनीहरुले राम्रो गर्न सकेनन् भने पनि यिनीहरुको विकल्पमा कुन दललाई जनताले साथ दिने ? यी दुई ठूला दलले जनभावनाअनुसार काम गर्न सकेनन् भने पनि उनीहरुले विकल्पलाई कमजोर बनाउनको लागि स्वयं गठबन्धनमा चुनाव लड्ने पक्का छ ।

आगामी चैत्र २३ गतेका दिन हुन गइरहेको नेपाल बार एसोसिएसनको निर्वाचनमा इतिहासमा अहिलेसम्म प्रतिस्पर्धीको रुपमा रहेका डीएलए र पीएलएले गठबन्धन निर्माण गरी कमजोर प्रतिपक्षको रुपमा रहेका कानुन व्यवसायीहरुको समूहसँग प्रतिस्पर्धा गर्दै छन् अर्थात् ठूला दलहरु राजनीतिमा र विचारमा कुनै पनि दल विकल्पको रुपमा अघि नबढुन् बरु यसको लागि राजनीतिको प्रचलित सिद्धान्त र आदर्शलाई तिलाञ्जलि दिएर भए पनि निरंकुश लोकतन्त्र स्थापना गर्ने हो भन्ने सोचमा पुगेको झैं देखिन्छ । यसकारण हामी आफैंले लोकतन्त्रको हुर्मत लिने कार्य गरिरहेका छौं, प्रस्ट छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# पहिलो दिनमै बहिष्कार भोग्यो राजावादी 'जनआन्दोलन समिति' ले

काठमाडौं/विगतमा वैकल्पिक राजनीतिको वकालत गर्दै मार्गपरिवर्तन गर्ने रवीन्द्र मिश्र, स्वतन्त्र राजावादी अभियान चलाउने केशर बहादुर विष्ट, मधेसको क्षेत्रीयतावादी राजनीति हुँदै एमाले निकट बनेका राजेश अहिराज, कोरोना भाइरस भगाउने मन्त्र निकालेका पूर्वप्राज्ञ जगमान गुरुङ, अनि सीके राउतले इलाम २ को उपचुनावमा समर्थन गरेका लिम्बुवान पहिचानवादी उम्मेदवार प्रेमदीप थाम्सुहाङ : यी सबै आफूसँग रहेको दाबी गर्दै राजा फर्काउने मोर्चाका संयोजक बने ८६ वर्षीय पञ्च नेता, नवराज सुवेदी ।

जनआन्दोलनपछि पुनर्स्थापित संसद्का जनप्रतिनिधिबाट निलम्बित, अनि जनताले चुनेको संविधानसभाबाट झन्डै शतप्रतिशत मतसहित नारायणहिटी दरबारबाट निस्काशित भएका थिए, पूर्वराजा ज्ञानेन्द्र शाह । तिनै शाहलाई संविधानसभाबाट बनेको संविधान खारेज गर्दै, अनि ०४७ को संविधान फेरि फर्काउने प्रयास सुरु भएको छ । यिनैमध्येको ठूलो अभियानजस्तो देखिनेगरी सोमबार दिउँसो पाँचपाने प्रतिबद्धतापत्र जारी भयो ।

त्यसक्रममा 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति' का तर्फबाट संयोजक सुवेदीले तीन अलग अलग समिति घोषणा गरे । ११ सदस्यीय निर्देशक समितिमा अस्मिता भण्डारी, कमल थापा, दुर्गा प्रसाईं, पशुपतिशमशेर राणा, प्रकाशचन्द्र लोहनी, रवीन्द्र मिश्र, रमा सिंह, राजेन्द्र लिङ्देन, हरिबहादुर बस्नेत, केशरबहादुर विष्ट सदस्य रहेको घोषणा गरियो ।

यस समिति अन्तर्गत गठन हुने आन्दोलन परिचालन समितिको संयोजक धवलशमशेर राणा, अनि सल्लाहकारमा जगमान गुरुङ, बुद्धिराज बज्राचार्य, शास्त्रदत्त पन्त, राजेश अहिराज र खेमराज सेढाई छन् । तर समिति र सल्लाहकार समूह घोषणा गरिसक्दा नसक्दै विभिन्न नेताहरूले आफूहरूसँग सल्लाहै नगरी सदस्य राखिएको भन्दै आपत्ति जनाउन थाले । यसरी प्रतिवाद गर्नेमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, राप्रपा नेपाल अध्यक्ष कमल थापा, राजावादी स्वतन्त्र मोर्चाका संयोजक केशर



बहादुर विष्ट, सल्लाहकार राजेश अहिराज लगायत छन् ।

राजावादी तथा राष्ट्रवादी ब्रान्डमा आफूलाई चम्काउँदै आएका नेताहरूले नै यो 'संयुक्त जनआन्दोलन समिति'मा नरहेको घोषणा गरेपछि पूर्वराजा ज्ञानेन्द्र फर्काउन घोषित अभियानको सुरुवाती उत्साहमा पक्कै फरक पर्न सक्ने देखिन्छ । यद्यपि, पञ्चायतमा धेरैपल्ट सत्तारोहण गरेका ८६ वर्षीय नेता सुवेदी एक्लैमा राजासहितको 'प्रजातन्त्र' फर्काउने आन्दोलन घोषणा गर्ने हिम्मत भने त्यसै आएको होइन ।

सुवेदीका पछाडि ढाल बनेर उभिएका छन्, दुर्गा प्रसाईं, जसको नाम युट्युब र टिकटकमा मात्रै होइन, बैंक तथा वित्तीय संस्थाहरूको कालोसूचीमा पनि भेटिन्छ । सोमबार काठमाडौंको डिल्लीबजारस्थित भोजनगृहमा उपस्थित सबैखाले सम्प्रदायका राजावादीहरूबीच प्रसाईंले खुलेआम घोषणा गरे, 'नवराज सुवेदी दाईले सारथिको भूमिका खेल्नुहुन्छ, बाण चलाउने काम म गर्छु ।'

प्रसाईंले पूर्वराजा ज्ञानेन्द्रको मात्रै एकल पैरवी गरेनन्, बरु बैंकहरूबाट 'सताइएका पीडित' खराब ऋणीहरूको भावना छुटेको भन्दै आफ्नो वास्तविक मर्का राख्न बिर्सने कुरै थिएन । उनले भाषणमा राजाको मात्रै समस्याको कुरा गरेनन्, आफूजस्ता 'जनता' का पनि भावना राखे । तर नवराज सुवेदी, पशुपतिशमशेर राणा, प्रकाशचन्द्र लोहनी लगायत उपस्थित नेताहरूले उनको यो प्रसंगतर्फ ध्यान दिएनन् । पाँच पृष्ठ लामो वक्तव्यमा पनि यस्तो उल्लेख छैन ।

प्रसाईंले आफ्ना गैरकानुनी क्रियाकलापविरुद्ध रिपोर्टिङ गर्ने सञ्चार संस्थाका सञ्चालकविरुद्ध सोमबार पनि एकलट गाली बर्साए । उनको थप गाली गणतन्त्रका कारकहरूतिर मात्रै थिएन, राजतन्त्र माग्नेहरूतर्फ पनि बर्सियो । विगतमा पालैपालो प्रचण्ड र केपी ओलीसँग आफूले लाभको प्रयोजनका लागि उठबस गरेको प्रसंग सर्वथा उपेक्षा गर्दै प्रसाईले राप्रपा अध्यक्ष लिङ्देन र राप्रपा नेपाल अध्यक्ष कमल थापाविरुद्ध गणतन्त्रका मन्त्री बनेको भन्दै कटाक्ष गरे । उनले दुई नेताहरू राजाका पालामात्र मात्रै नभई गणतन्त्रमा समेत मन्त्री बन्न पुगेको, तर आफू निस्वार्थ रुपमा राजाका लागि लागिरहेको दाबी गरे ।

'मैले कहिल्यै (सत्ताको) स्वाद लिइनँ, स्वाद लिन पनि चाहिनँ,' प्रसाईंले भने, 'तर यहाँ त राजा देखाउने, धर्म देखाउने, संसदमा जाने, मन्त्री पड्काउने, दौरासुरुवाल लगाउने प्रवृत्ति आयो ।' राजावादी अभियन्ता केशरबहादुर विष्टले भने दलगत रुपमा आएका व्यक्तिहरूले चलाउने समितिमा आफू नबस्ने भनी नाम हटाउन माग गरे । विष्टको जवाफमा संयोजक सुवेदीले भने, 'मैल निष्पक्ष हुनुपर्‍यो भनी विष्टजीले माग गर्नुभयो, म आजदेखि राप्रपाको साधारण सदस्य समेत रहिनँ । मेरो अन्तिम संकल्प भनेको हिन्दूराष्ट्र र राजसंस्था स्थापना हो । यस कमिटीलाई मेरो बुता, वर्गत र शरीरले भ्याएसम्म यसैमा समर्पित हुन्छु, कसैले शंका लिनु पर्दैन ।'

सुवेदीले संचारकर्मीसँग कुरा गर्दै विष्ट, थापा लगायत नेताहरू आफूसँग आउने दाबी गरे । आफू सोमबार बिहानसम्म केन्द्रीय सदस्य रहेको दल राप्रपाका अध्यक्ष लिङ्देनसमेत आफ्नो सदस्य बनेर आउने दाबी गरे । तर आफूलाई नसोधी नवराज सुवेदीको राजावादी मोर्चामा राखिएको भन्दै राजेन्द्र लिङ्देन र कमल थापा दुवैले प्रतिवाद गरेका छन् ।

लिङ्देनले संचारकर्मीसँग भने, 'समिति निर्माण प्रक्रियाबारे मलाई कुनै जानकारी छैन । यस्तो एकलौटी पारामा गठन गरेपछि बस्ने कुरै आउँदैन । तर राजसंस्थाको पक्षमा हुने जुनसुकै अभियानमा राप्रपाको साथ सहयोग हुन्छ ।'

थापाले संवादको क्रममा भने, 'समिति बनेको छ भनेर मलाई थाहा थिएन । यसरी गठन भएको समितिमा बस्ने कुरै आउँदैन ।' यस्तै सल्लाहकार राजेश अहिराजले पनि आफूलाई नसोधी नाम राखिएको भन्दै आपत्ति जनाए । यसरी चिनिएका सम्बर्द्धनवादी नेताहरूबाट बहिष्कार, अनि आफ्नै सहकर्मी अभियन्ताबाट कार्यक्रमस्थलमै उपेक्षा भोग्नुपरेपछि १५ चैतबाट सुरु गर्ने भनिएको राजसंस्था तथा हिन्दुराष्ट्र स्थापना अभियान सुरुमा अलगथलगको शिकार बन्न पुगेको छ ।

**नवीन समझदारीको प्रस्ताव अलपत्र**

वक्तव्यमा दलहरूलाई न्युनीकरण गरेर वा राजसंस्थालाई निषेध गरेर देशहित नहुने, बरु ०४७ को संविधानलाई आधार मानेर 'नवीन समझदारी' तर्फ अघि बढ्नुपर्ने लेखिएको छ । चौथो बुँदामा भनिएको छ, '०४७ को संविधानलाई आधार मानेर, ०७२ को संविधानका सकारात्मक प्रावधान समेट्दै प्रमुख राजनीतिक पक्षहरूबीच सर्वपक्षीय सम्मेलनमार्फत् देश शान्तिपूर्ण नवीन समझदारीमा जाओस् भन्ने राजावादी-राजसंस्थावादीको चाहना हो ।'

तर वक्तव्य जारी भइसकेपछि बोल्न मन्चमा गएका दुर्गा प्रसाईंले यस्तो नवीन समझदारीको कुनै औचित्य नरहेको भन्दै खारेज गरे । अपाच्य शब्दहरूको वर्षा गर्दै प्रसाईले भने, 'देशमा शोषण, लुट मच्चाएर बसेकाहरूसँग केको नवीन समझदारी ? यिनलाई त लात हानेर लखेट्नुपर्छ । नवीन समझदारी भनेको अहिले राष्ट्रपति बसेको ठाउँमा राजा राख्ने हो ? यस्तो कदापि हुन सक्दैन । राजा भनेको राजा हो ।'

धेरैले नवराज सुवेदी निर्मल निवास अर्थात पूर्वराजा ज्ञानेन्द्रको इशारामा नेतृत्व लिन अघि सरेको बताए पनि सुवेदी स्वयंले त्यस्तो नरहेको बताएका छन् । 'सरकारसँग मेरो कुरा नभएको निकै धेरै भयो,' संचारकर्मीसँग उनले भने, 'यो त हामीले देशको आवश्यकताका आधारमा तय गरेको कार्यक्रम हो । उहाँका लागि भनेर गरेको होइन, राष्ट्रिय खाँचो हो । त्यसैले म यसका लागि म जीवनपर्यन्त लडिरहन्छु ।'

राजावादी थुप्रै नेताहरूले संचारकर्मीसँगको अनौपचारिक संवादमा सुवेदीलाई राजनीतिक एजेन्डाका आधारमा नभई व्यक्तिहरूका स्वार्थहरुको ढाल बनाएर अघि सारिएको भन्दै यसले राजसंस्थाप्रतिको आम निष्ठालाई धूमिल मात्रै बनाउने जिकिर गरे । 'बैंकबाट खाएको ऋण नतिर्ने, उल्टै सञ्चालकहरूमाथि आपराधिक धम्की दिने, अनि साम्प्रदायिक खलल पुर्‍याउने व्यक्तिहरूको स्वार्थका लागि किन कोही औजार बन्ने ?' एक शीर्ष नेताले प्रश्न गरे, 'बेथितिलाई प्रश्न गर्ने हो, भएको थिति बिगारेर राजसंस्था फर्काउन सकिँदैन ।'

*(स्रोत: अनलाइनखबर)*

# 'अञ्जिला' हेर्न हलमा ओइरिन थाले विद्यार्थी



काठमाडौं/गत बिहीबार अर्थात् होलीको दिनबाट प्रदर्शनमा आएको फिल्म 'अञ्जिला'ले बक्स अफिसमा सुखद् व्यापार गरिरहेको छ । शनिबार व्यापारमा उछाल कायम गरेको फिल्मले आइतबार बाट कामकाजी दिनमा पनि दर्शकको राम्रो साथ पाएको छ । प्रतिक्रिया उस्तै उत्साहजनक मिलेको छ । दर्शकहरू फिल्म हेरेर रुँदै निस्किरहेका छन् भने रोएका भिडियोहरू टिकटकमा भाइरल बनेका छन् ।

प्रेरणादायी कथामा फिल्म बनेकाले विद्यार्थीहरू समेत हलमा ओइरिन थालेका छन् । विद्यालयहरू आफैंले फिल्म देखाइरहेका छन् । सोमबार दरबारमार्गस्थित क्युएफएक्स हलमा डाफोडिल बोर्डिङ स्कुल र डाफोडिल पब्लिक स्कुलका ३६० जना विद्यार्थीहरूले फिल्म हेरे । डाफोडिल स्कुलका अरविन्द कुमार मण्डलले विद्यार्थीलाई प्रोत्साहन मिलोस् भन्ने उद्देश्यले 'अञ्जिला' देखाएको बताए ।

फिल्मले संघर्ष, मेहनत, लगनशीलता र सफलता सिकाउने भएकाले विद्यार्थीहरूलाई एकेडेमिक हिसाबले नै 'अञ्जिला' देखाइरहेको विद्यालयहरूले जनाएका छन् । निर्देशक मिलन चाम्सले फिल्मको सन्देश नै संघर्षपछिको सफलता मात्र दीर्घायु हुन्छ भन्ने रहेकाले रिलिजको दोस्रो दिनदेखि देशका विभिन्न विद्यालयहरूले आफ्ना विद्यार्थीहरूलाई हलमा लगेर फिल्म देखाइरहेको जानकारी दिए ।

फिल्मका निर्माता तथा कलाकार प्रेमकुमार श्रेष्ठले 'अञ्जिला'ले जीवनमा अगाडि बढ्न उत्प्रेरणा दिने बताए । नेपाली महिला फुटबल टोलीकी कप्तान एन्जिला तुम्बापो सुब्बाले फुटबल खेलाडी बन्न गरेको संघर्षको कथामा फिल्म आधारित छ । फिल्मबाट संचलित सम्पूर्ण मुनाफा कप्तान सुब्बाका लागि काठमाडौंमा घर बनाउन खर्च गरिने घोषणा निर्माता श्रेष्ठले रिलिजअघि नै गरिसकेका छन् ।

'अञ्जिला'मा एन्जिला स्वयंले मुख्य भूमिकामा अभिनय गरेकी छन् । उनको बाल्यकालदेखि खेल जीवनसम्मको संघर्ष र सफलताको कथा प्रस्तुत गरिएको फिल्ममा एन्जिलाका साथै दयाहाङ राई, प्रेमकुमार श्रेष्ठ, सुनिल थापा, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ लगायतको पनि अभिनय रहेको छ । फिल्मले तीन दिन अर्थात् शनिबार सम्म दुई करोड ग्रस कमाएको निर्माताको दाबी छ ।

# शिल्पालाई छैन नेपाली फिल्मप्रति रुचि

काठमाडौं/विगत ४/५ वर्षमा अभिनेत्री शिल्पा पोखरेलको जीवनमा ठूलो उतारचढाव देखियो । उनले पूर्वपति तथा निर्माता छविराज ओझासँग लामो समय कानुनी लडाइँ लड्नु पर्‍यो । अन्ततः केही महिनाअघि उनीहरुको मुद्धा किनारा लागिसकेको छ । पूर्वपति ओझाबाट सम्पत्तिको रुपमा गुह्येश्वरीको घर लिएर अहिले उनी एक्लो जीवन विताइरहेकी छन् । यो बीचमा उनी 'ओशो सन्यासी' पनि बनिन् ।



पूर्वपति ओझासँग कानुनी लडाइँ सुरू भएपछि शिल्पाले कुनै नेपाली फिल्म गरेकी छैनन् । बरु केही भोजपुरी फिल्ममा काम गरिन् । अब उनी नेपाली फिल्म गर्ने मनस्थितिमा देखिएकी छैनन् । हालै अभिनेत्री करिश्मा मानन्धरको घरमा होली मनाउन पुगेकी उनले सञ्चारकर्मीसँगको कुराकानीमा नेपाली फिल्मप्रति रुचि नै नभएकाले प्रस्ताव आउँदा समेत विभिन्न बहाना बनाउने गरेको बताइन् ।

उनले भनिन्, 'अहिले मलाई फिल्मप्रति रुचि नै छैन । एउटा नेपाली फिल्म त रिलिज हुनै बाँकी छ । दुईवटा भोजपुरी फिल्म समेत रिलिज हुन बाँकी छ । अहिले नेपाली फिल्मतिर चाहिँ रुचि नै छैन भन्दा हुन्छ । साँच्चै रुचि छैन । मनै मरेर आएको जस्तो भैरहेको छ । फिल्मबाट प्रस्ताव आउँदा पनि अर्को प्रोजेक्ट गर्नुछ भनेर टार्छु । मलाई फिल्मबाट टाढै बस्न मन लागेको जस्तो भैरहेको छ ।'

शिल्पाले अब नेपाली फिल्ममा काम नगर्ने संकेत समेत गरेकी छन् । उनले भनेकी छन्, 'फिल्म गर्नलाई पनि प्रोडक्सन हाउस राम्रो हुनुपर्‍यो, राम्रो स्क्रिप्ट लेख्ने मान्छेबाट अफर आउनुपर्‍यो । 'एकपटक स्क्रिप्ट चाहिँ सुन्नु पर्ला' भन्ने समेत लागेको छैन । सायद बीचमा मन नभएर पनि होला । र, मैले सोध्न पनि चाहिनँ । अब विस्तारै-विस्तारै मन लाग्छ कि ! तर, अब मन लाग्छ जस्तो चाहिँ लाग्दैन ।'

म्यूजिक भिडियो हुँदै 'लज्जा'बाट फिल्ममा डेब्यु गरेकी शिल्पाले त्यसपछि 'हवल्दार सुन्तली', 'किस्मत २', 'मंगलम' जस्ता एक दर्जन बढी फिल्ममा काम गरिन् । उनको एउटा फिल्म 'आर्या' प्रदर्शन हुनै बाँकी छ, जुन ४/५ वर्षअघि नै निर्माण भएको हो । उनले 'जय शम्भो', 'प्रेम गीत २' जस्ता भोजपुरी फिल्म समेत गरेकी छन् । बुझिए अनुसार उनी अब भोजपुरी फिल्म मात्र गर्ने योजनामा छिन् ।

# अञ्जनाको 'डोरी' ट्रेलरमा के छ ?

काठमाडौं/यही चैत १५ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'डोरी'को ट्रेलर सार्वजनिक गरिएको छ । आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट लम्बाईको ट्रेलर शीर्षककै वरिपरि घुमेको छ । पैसाका लागि अदृश्य शक्ति रहेको डोरी खोज्न पात्रहरुले गरेको संघर्षलाई ट्रेलरमा देखाइएको छ । कमेडी, थ्रिल र हरर दृश्यहरू समेटिएको ट्रेलर रोचक बनेको छ ।

अरुण लामाको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा उनी स्वयं मुख्य भूमिकामा छन् । उनीसहित फिल्ममा अञ्जना बराइली, प्रवीण खतिवडा, शिशिर बाङ्देल, कविता आले, प्रकाश घिमिरे, साजन श्रेष्ठ, बिरेन्द्र सिंह कुशवाहा, राज पौडेल, राज थापा, नूतन, शारदा अधिकारी, रामबाबु रेग्मी लगायतको अभिनय छ ।

ट्रेलर रिलिज कार्यक्रममा निर्देशक लामाले थ्रिल र हररलाई 'दाल भात तरकारीमा चटनी प्रयोग गरेर स्वादिलो बनाएको जस्तो' तरिकाले राखिएको बताए । उनले भने, 'यो कथा पूर्णतया सामाजिक हो र कहीं न कहीं सबैको जीवनसँग मेल खान्छ ।' उनले यही फिल्मबाट निर्देशनमा डेब्यु गरेका हुन् ।

फिल्मका निर्माता दिनेश



भट्टराई तथा कार्यकारी निर्माता राज थापा हुन् । मनोज पण्डित स्क्रिप्ट डाक्टर रहेको फिल्ममा मुख्य सहायक निर्देशक दिनेश बहादुर रावत, एक्सन निर्देशक राजु तामाङ, सङ्गीत निर्देशक राजनराज सिवाकोटी, कला निर्देशक रोशन दिवाना, सम्पादक मिलन श्रेष्ठ तथा रङ्ग संयोजक रेनिश फागो छन् । फिल्मको यसअघि 'चुच्चे ढुङ्गो' बोलको गीत सार्वजनिक भैसकेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पद्मकन्यामा नेविसंघलाई बिरासत बचाउने दबाब

काठमाडौं/पद्मकन्या क्याम्पस (पीके) को स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) मा नेपाल विद्यार्थी संघ (नेविसंघ) को एकछत्र प्रभूत्व छ । २०३६ सालयता यो क्याम्पसमा कम्युनिस्ट धारको विद्यार्थी संगठनबाट शशि श्रेष्ठबाहेक कसैले पनि नतिजा आफ्नो पक्षमा पार्न सकेका छैनन् । श्रेष्ठले २०३८ सालमा पीकेको स्ववियु अध्यक्ष जितेकी थिइन् ।

पद्मकन्या क्याम्पस नेपाली कांग्रेसको महिला नेतृ उत्पादन गर्ने केन्द्रजस्तै बनेको छ । यहाँबाट स्ववियु अध्यक्ष जितेका विद्यार्थी नेताहरू पार्टी पदाधिकारी समेत बनेका छन् । सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना' देखि मीना पाण्डे, कमला पन्त, प्रतीमा गौतम, अञ्जनी श्रेष्ठ, उमा अधिकारी रेग्मी लगायतले पद्मकन्यामा स्ववियु अध्यक्ष जितेका थिए । नेविसंघबाट अध्यक्ष जितेका समा शाही, किरण पन्थी लगायत हाल सक्रिय राजनीतिमा छैनन् ।

नेविसंघले पद्मकन्यामा एकछत्र पकड जमाएको हुँदा कम्युनिस्ट धारका विद्यार्थी संगठनबाट पार्टी राजनीतिमा पुग्नेहरूको संख्या सीमित छ । पद्मकन्यामा अनेरास्ववियुको संगठनमा आवद्ध रहेकी विद्या भट्टराई हाल शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री छिन् । भट्टराई अनेरास्ववियुबाट स्ववियु अध्यक्षकी उम्मेदवार थिइन् । तर नेविसंघकी अञ्जनी श्रेष्ठले पराजित गरिन् ।

विद्यार्थी राजनीतिको गर्विलो इतिहास बनाएकी एकीकृत समाजवादीकी नेतृ रामकुमारी झाँक्री पद्मकन्याकै उत्पादन हुन् । झाँक्रीलाई हाल कांग्रेस केन्द्रीय सदस्य रहेकी प्रतीमा गौतमले अध्यक्षमा पराजित गरेकी थिइन् । पद्मकन्यामा नेविसंघको पकड जान्न २०५७ सालको स्ववियु निर्वाचन हेरे पुग्छ । त्यसबेला नेविसंघका दुई समूह प्रतिस्पर्धामा उत्रिँदा पहिलो र दोस्रो स्थानमा अरू संगठनलाई आउन दिएनन् । नेविसंघबाट उर्मिला पजियारले अध्यक्षमा जित्दा दोस्रो स्थानमा सोही संगठनबाट कल्पना कार्की बनिन् । इतिहासदेखि नै पद्मकन्याको स्ववियुमा एकल प्रभूत्व जमाएको नेविसंघ यसपटक भने एकढिक्का भएर चुनावी मैदानमा देखिएको छैन । नेविसंघमा एकता हुन नसक्दा त्यसबाट लाभ उठाउने दाउमा अन्य विद्यार्थी संगठन छन् । तर नेविसंघका विद्यार्थी नेताहरू भने फुटमा पनि जित आफ्नो पक्षमा पर्ने दाबी गर्छन् ।

यसै क्याम्पसकी पूर्वसभापति प्रतीमा गौतम नेविसंघमा विद्यार्थी नेताहरू निरन्तर काममा खटिने भएकाले जितिरहेको दाबी गर्छिन् । उनी भन्छिन्, 'विद्यार्थीका हक-हितका लागि काम गरिरहेका छन् । सामाजिक मुद्दाहरू उठाउँदा त्यहाँको नेविसंघ सक्रिय भएर अघि आउँछ ।' स्ववियु निर्वाचनका लागि आठ संगठन मैदानमा उत्रे पनि मूलतः तीन पक्षबीचमा प्रतिस्पर्धा हुने विद्यार्थी नेताहरू दाबी गर्छन् ।

नेपाल विद्यार्थी संघ, नेपाल विद्यार्थी संघको बागीबाट स्वतन्त्र समूह, अनेरास्ववियु र अखिल (क्रन्तिकारी) को संयुक्त प्यानल, मोहन वैद्य र धमेन्द्र बाँस्तोला पक्षका विद्यार्थी संगठनको प्यानल अखिल (क्रान्तिकारी संयुक्त), अखिल नेपाल विद्यार्थी युनियन (समाजवादी), फ्रिडम पीके लगायतका विद्यार्थी संगठन चुनावी प्रतिस्पर्धामा छन् ।

आइतबार उम्मेदवारी दर्ता भएसँगै चुनावी प्रचार-प्रचार मा विद्यार्थी नेताहरू जुटेका छन् । ६ हजार २०३ मतदाताको मन जित्नका लागि चुनावी एजेन्डा बोकेर सोमबारदेखि कोठा-कोठामा विद्यार्थी नेताहरू पुग्न थालेका छन् ।

**नेविसंघमा छैन एकत्व**

नेविसंघ पक्षधरका दुई समूहले उम्मेदवारी दर्ता गराएका छन् । निर्वाचन समितिले उम्मेदवार मनोनयन दर्ताका लागि आइतबार छुट्याएको समयमा नेविसंघबाट आधिकारिक र स्वतन्त्र गरी दुई अध्यक्षको नाम दर्ता भयो । नेविसंघका अध्यक्ष दुजाङ शेर्पाले पूर्णिमाया परियारलाई अध्यक्षको उम्मेदवार हुने गरी पत्र पठाएका थिए । परियारले आधिकारिक रूपमा उम्मेदवारी दर्ता गरेपछि भुपी ऐर छुट्टै प्यानल बनाएर स्वतन्त्र उम्मेदवार बनिन् । आधिकारिक उम्मेदवारको अपेक्षा राखेकी ऐर बागी बनेपछि नेविसंघ र पार्टीमा समेत चर्चाको विषय बन्यो ।

नेविसंघ अध्यक्ष शेर्पाले सोमबार निर्वाचन समितिलाई अर्को पत्र लेखे । उक्त पत्रमा नेविसंघबाट आधिकारिक उम्मेदवार ऐर भएको उल्लेख छ । स्वतन्त्र उम्मेदवारी दिएकी ऐरलाई आधिकारिक भनेपछि पद्माकन्यामा संघभित्रको विवादले नयाँ रुप लिएको छ । निर्वाचन समितिसमक्ष आफ्नो आधिकारिताको माग गर्दै ऐर समूहले नाराबाजी गर्‍यो ।

मिलाउने प्रयास हुँदाहुँदै पनि नेविसंघकै दुई समूह बनेको यसै क्याम्पसकी पूर्वअध्यक्ष प्रतीमा गौतम बताउँछिन् । नेविसंघको निर्देशक समिति सदस्यसमेत रहेकी गौतमले भनिन्, 'मिलाउन अझै प्रयास गरिहेका छौं । मिल्नै नसक्ने अवस्था रह्यो भने पनि पहिलो र दोस्रो हुने नेविसंघ नै हो ।' परियारको पक्षमा पार्टी सभापति शेर बहादुर देउवा पक्षधर देखिएका छन् भने ऐरलाई महामन्त्री गगन थापा पक्षको साथ छ । पद्मकन्याकी स्ववियु अध्यक्ष ज्योति पनेरु पनि परियारको पक्षमा छिन् । आधिकारिक उम्मेदवार आफू भएको उल्लेख गर्दै परियारले अर्को पक्ष स्वतन्त्र बनेको बताइन् । 'एउटा कागजको टुक्राको भरमा म आधिकारिक नहुने हुँदैन,' परियारले संचारकर्मीसँग भनिन् ।

महामन्त्री गगन पक्षको भनेर चिनिएकी ऐरले विद्यार्थीका समस्यामा अग्रपङ्क्तिमा रहेको सुनाउँदै आधिकारिक उम्मेदवार भएको दाबी गरिन् । उनले भनिन्, 'मलाई अन्याय गर्न मिल्छ ? जोर जबरजस्ती गरेर टिकट पाउने हो र ? नेविसंघका लागि मैले गरेको काम हेर्नु पर्दैन ?' पद्मकन्यामा नेविसंघमा एकता नहुँदा 'भाइ फुटे गवार लुटे' को अवस्था आउन सक्ने चिन्ता ऐरले व्यक्त गरिन् ।

पद्माकन्याकी स्ववियु अध्यक्ष पनेरुले नेविसंघको आधिकारिक उम्मेदवार पूर्णिमाया परियार नै भएको दाबी गरिन् । 'नेविसंघको एकल उम्मेदवार पूर्णिमाया हो । अर्कोले दाबी गरेको भ्रमपूर्ण हो,' पनेरुले भनिन् ।

**एमाले-माओवादी विद्यार्थी संगठनको गठजोड**

प्रमुख प्रतिस्पर्धी शक्ति नेविसंघसँग प्रतिस्पर्धा गर्न सत्ताको नेतृत्व गरेको एमाले र प्रमुख प्रतिपक्षी माओवादी केन्द्रको विद्यार्थी संगठनले तालमेल गरेका छन् । एमाले निकट अनेरास्ववियुले अध्यक्ष पद लिएको छ । माओवादी केन्द्र निकट अखिल (क्रान्तिकारी) ले सचिव र कोषाध्यक्ष पदमा उम्मेदवारी दिएको छ । कार्यसमितिमा बहुपद अखिल (क्रान्तिकारी) लाई हुने गरी भागबन्डा गरिएको छ । सात पद अखिल (क्रान्तिकारी) र ४ पद अनेरास्ववियुलाई बाँडेर तालमेल गरिएको छ ।

अनेरास्ववियुलाई पद्मकन्या क्याम्पसमा विद्यार्थी नेताको खडेरी रहेको अध्यक्षको उम्मेदवार बनेकी सुनिता घिमिरेबाट पनि थाहा हुन्छ । एकीकृत समाजवादी निकट रहेकी घिमिरेलाई केही समय पहिले एमालेको विद्यार्थी संगठनमा भित्र्याइएको थियो । अखिल क्रान्तिकारीबाट सचिवमा सदीक्षा पोखरेल र कोषाध्यक्षमा सुम्निमा राईले उम्मेदवारी दिएका छन् । अनेरास्ववियुबाट अध्यक्षको उम्मेदवार बनेकी घिमिरे नेविसंघ हाबी हुँदै आए पनि आफ्नो संगठन कमजोर भने नरहेको दाबी गर्छिन् । अनेरास्ववियुको हाल माहोल राम्रो बनेकाले नतिजा आफ्नो पक्षमा आउने अध्यक्ष उम्मेदवार घिमिरेले दाबी गरिन् । 'प्रशासनको बलमा नेविसंघ अलि बलियो देखिएको हो । अनेरास्ववियु कमजोर छैन,' घिमिरेले भनिन्, 'अहिले इतिहास ब्रेक हुन्छ ।'

**विद्यार्थी संगठनका चुनावी एजेन्डा**

२००८ सालमा स्थापना भएको पद्मकन्याको सुधारका लागि विद्यार्थी संगठनहरूले फरकफरक मुद्दा बोकेर चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । 'प्रशासनको आडमा नेविसंघको हालीमुहाली' अन्त्य गर्ने एजेन्डासहित अनेरास्ववियु र अखिल (क्रान्तिकारी) चुनावी मैदानमा छन् । होस्टेलमा आफ्ना मान्छेलाई मात्रै स्थान दिने गरी नेविसंघबाट जितेकाले भूमिका खेलेको ती दुई संगठनको आरोप छ ।

*(स्रोत: अनलाइनखबर)*

# पर्यटकीय गन्तव्यको प्रचारप्रसारको लागि भित्तेचित्र कोर्न सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/हेटौंडा उपमहानगरपालिकाले उपमहानगर क्षेत्र भित्रका महत्वपूर्ण पर्यटकीय गन्तव्यको प्रचारप्रसारको लागि भित्तामा चित्र कोर्न सुरु गरेको छ ।

चित्रकलामार्फत हेटौंडाको प्रचारप्रसार गर्ने उद्देश्यले पूर्वपश्चिम राजमार्ग, हेटौंडा-१० स्थित नेपाल ट्रष्टको पर्खालमा चित्रकोर्न सुरु गरिएको हो । चित्रकलामार्फत् हेटौंडा नगरलाई सुन्दर बनाउने अभियान अनुसार विभिन्न वडामा रहेका धार्मिक, ऐतिहासिक, पर्यटकीय पहिचानलाई समेटेर चित्रकोर्न लागिएको उपमहानगरप्रमुख मीनाकुमारी लामाले बताइन् ।

एकसय वर्ष पुरानो चुरियामाई सुरुङ, चुरियामाई मन्दिर, भुटनदेवी मन्दिर पर्यटकीयस्थल गुम्बाडाँडा, मकवानपुरको पहिचान काठको ठेकी लगायत पहिलोचरणमा १७ सय स्क्वारफिट क्षेत्रमा १५ वटा चित्र कोरिने उपमहानगरले जनाएको छ । चित्र निर्माणको काममा उपमहानगरले ४ लाख ६८ हजार ३५३ रुपैयाँमा ठेक्का लगाएको हो ।

# गैरकानूनी शुल्क नउठाउन चन्द्रागिरी हिल्सलाई थाहानगरको चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/ मुलुकको संघीय राजधानीको उत्तर पश्चिमतर्फ रहेको चन्द्रागिरी हिल्सको भालेश्वर मन्दिरमा जान चाहने पैदलयात्रीसँग प्रतिव्यक्ति १०० रुपैयाँ प्रवेशशुल्क उठाउँदै आएको चन्द्रागिरी हिल्सको कार्य गैरकानुनी भएको थाहा नगरपालिकाले स्पष्ट पारेको छ ।

थाहा नगरपालिका-९ का वडाअध्यक्ष राजकुमार बलामीले सूचना जारीगर्दै थाहा नगरपालिकाको समेत स्वामित्वमा रहेको चन्द्रागिरीको मन्दिर तथा यो क्षेत्रमा यात्रा गर्न चाहने यात्रुसँग रकम उठाउने कार्य तत्काल बन्द गर्न चन्द्रागिरी हिल्सलाई सूचित गरेका छन् । थाहा नगरपालिकाले जारी गरेको सूचनामा चन्द्रागिरी हिल्सले सार्वजनिक जंगलमा अनाधिकृत रुपमा चेकप्वाईन्ट राखेर सर्वसाधारण पैदलयात्रीसँग रकम उठाउने सम्बन्धी कुनै सहमति नदिइएको स्पष्ट पारेको छ ।

थाहा नगरपालिकाले भालेश्वर मन्दिरतर्फ जाने पैदलयात्रुसँग टिकट नै काटेर शुल्क लिने कार्य तत्काल बन्द गर्न निर्देशन दिएको हो । थाहा नगरपालिकाले चन्द्रागिरी हिल्सलाई सार्वजनिक सडकमा राखिएको चेक प्वाईन्ट ७ दिनभित्र हटाउन निर्देशन दिएको छ ।

चन्द्रागिरी केवलकार र चन्द्रागिरी नगरपालिकाको मिलेमतोमा चन्द्रागिरी पहाडमा रहेको प्रशिद्ध भालेश्वर मन्दिरको दर्शनार्थीसँग १०० रुपैयाँ प्रवेशशुल्क असुली हुँदा स्थानीय राजनीतिक दलका नेता, चन्द्रागिरी नगरपालिका र प्रहरीले कुनै चासो देखाएको थिएन ।

सार्वजनिक वन क्षेत्रमा केवलकार निर्माण गरेको चन्द्रागिरी हिल्सलाई सरकारले केवलकारको भाडा मात्रै उठाउन अनुमति दिएको छ । तर, अहिले आम्दानी बढाउन भन्दै चन्द्रागिरी हिल्सले राष्ट्रिय वनक्षेत्रमा निजी सुरक्षागार्ड राखेर दैनिक लाखौं रुपैयाँ रकम उठाइरहेको थियो । चन्द्रागिरी नगरपालिका प्रवक्ता तथा वडा नं ४ का अध्यक्ष कृष्णप्रसाद खड्गीले चन्द्रागिरी नगरपालिकाले रकम असुली गर्न अनुमति नदिएको बताए ।

प्रवक्ता खड्गीले चन्द्रागिरी हिल्सले पैदलयात्रीसँग रकम उठाइरहेको सूचना पाएको बताउँदै उनीहरुको कम्पाउण्ड क्षेत्रमा प्रवेशका लागि पैसा उठाएको हुनसक्ने बताएका थिए ।

## सांसद दीपक सिंहको प्रश्नः

# ‘वेश्यालय सरकारले नै चलाउने दिन आएको त होइन ?’



साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद दीपकबहादुर सिंहले यौनजन्य व्यवसायलाई व्यवसायीकरण गरेर देशमा पर्यटक भित्र्याउन सकिने काँग्रेस प्रमुखसचेतक श्यामकुमार घिमिरेको अभिव्यक्तिको बिरोध गरेका छन् ।

प्रतिनिधिसभा सोमवारको बैठकमा बोल्दै सांसद सिंहले बिरोध जनाएका हुन् । आइतवारको बैठकमा नेपाली काँग्रेसका प्रमुखसचेतक घिमिरेले यौनजन्य व्यवसायलाई व्यवसायीकरण गरेर देशमा पर्यटक भित्र्याउन सकिने बताएका थिए । उनले सबैभन्दा बढी पर्यटक मनोरञ्जन क्षेत्रको हुने भन्दै देशको आर्थिक विकासका लागि यौन व्यवसायलाई व्यवसायीकरण गर्नुपर्ने धारणा राखेको थिए ।

सांसद सिंहले यौन व्यवसायको लागि कोठी र वेश्यालय सरकारले नै चलाउने दिन आएको त होइन ? भन्दै प्रश्न गरे । ‘हजारौं युवाले रोजगारी र शिक्षाको लागि देश छोडिसकेका छन् । अब सीमित कलिला युवा आमा छोराछोरी मात्र बाँकी छन् । देशको आर्थिक विकासको लागि पर्यटन भित्र्याउन त्यो पनि ज्यादा खर्च गर्ने पर्यटक ल्याउनको लागि यौन व्यवसाय, यौन प्रमिट सरकारले दिनुपर्छ भन्नुभएको छ सरकारकै एक माननीयज्युले । यो व्यवसायको लागि कोठी र वेश्यालय सरकारले नै चलाउने दिएको आएको त होइन ? यही दिनको लागि गणतन्त्र ल्याएको हो ?’ उनले भने । सांसद् सिंहले नेपाल देवीपूजनको भूमि भएको भन्दै यस्ता उश्रृंखल अभिव्यक्ति नदिन समेत आग्रह गरे ।

# संसद्मा विपक्षीले गन्न लगाए सत्तापक्षका सांसद

काठमाडौं, ४ चैत/ प्रतिनिधिसभामा सरकार दुईतिहाइ बहुमतमा छ । यसकारण कुनै पनि विधेयक पारित गर्नका लागि समस्या हुँदैन । तर, सोमबार विपक्षी दलहरूले दुई वटा विधेयकमा मत विभाजन गराए । विपक्षीले मत विभाजन मागेपछि सरकार भोटिङ मार्फत ‘सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक’ र ‘सहकारी सम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक पारित गराउन’ बाध्य भयो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सुशासनसम्बन्धी विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । सभामुखको आसनमा रहेकी उपसभामुख इन्दिरा रानाले ध्वनि मतका आधारमा विधेयक पारित गर्ने प्रक्रिया अगाडि बढाइन । तर, विपक्षी दलका सांसदहरूले उठेर मत विभाजन मागे ।

ध्वनि मतले पारित भएको प्रस्ताव वा यो प्रक्रियामा शंका गरी कम्तीमा २८ सांसदले उठेर माग राखेमा सभामुखले मत विभाजन गराउनुपर्छ । यसका लागि सभामुखलाई विभिन्न विकल्प प्रतिनिधिसभा नियमावलीको नियम २९ ले दिएको छ । जहाँ तीन वटा विकल्प छन् ।

पहिलो : सभामुखले सांसदहरूलाई आफ्नै ठाउँमा उठ्न भनेर गणना गर्न सक्छन् ।

दोस्रो : ध्वनि मतका आधारमा निर्णय लिन सक्छन् ।

तेस्रो : मत विभाजन गराएर संख्या गणना गर्न सक्छन् ।

सोमबार सभामा मत विभाजनको बाटो अवलम्बन गरियो । सुशासन सम्बन्धी विधेयकमा मत विभाजन हुँदा १४५ जना सांसद उपस्थित भए । ९६ जना पक्षमा र विपक्षमा ४९ सांसद मत दिए । ‘मत दिन्न’ भन्नेमा कुनै मत परेन । सहकारी सम्बन्धी विधेयकमा मत विभाजन हुँदा १३६ जना सांसद उपस्थित भए । ९५ जना पक्षमा र विपक्षमा ४१ सांसद मत दिए । ‘मत दिन्न’ भन्नेमा कुनै मत परेन ।

विधेयक पारित गर्न सभामा उपस्थित संख्याको बहुमत संख्या भए पुग्छ । सभाको बैठक बस्नका लागि एक चौथाइ अर्थात ६९ जना सांसद उपस्थित भए गणपूरक संख्या पुग्छ । संविधानको धारा ९४ मा सभामा कुनै पनि प्रश्न वा प्रस्ताव निणयार्थ पेस गर्न प्रतिनिधि सभाको एक चौथाइ सदस्य उपस्थित हुनुपर्ने व्यवस्था छ । यसको बहुमतमै पनि विधेयक पास हुन सक्छ । यसकारण सोमबार सभामा विधेयक पारित गर्न सरकारलाई कुनै अप्ठ्यारो भएन ।

### परीक्षणमा सरकार

मत विभाजनले संसद्मा सत्तापक्षका सांसदको उपस्थिति न्युन रहेको देखाएको छ । किनभने, दुईतिहाइ बहुमतमा रहेको सरकारमा सहभागी दलका जम्मा ९६ जना सांसद मात्रै मत विभाजनमा भेटिए । ६ साउन २०८१ मा विश्वासको मत लिँदा प्रधानमन्त्री भएका केपी शर्मा ओलीले १८८ मत पाएका थिए । २७५ सदस्यीय प्रतिनिधि सभामा त्यसदिन २६३ सांसद उपस्थित रहेका थिए ।



त्यसबेला प्रधानमन्त्री ओलीलाई कांग्रेस, एमाले, जनता समाजवादी पार्टी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र केही स्वतन्त्र सांसदले मत दिएका थिए । प्रधानमन्त्रीको विपक्षमा ७४ मत परेको थियो भने नेपाल मजदुर किसान पार्टीका सांसद तटस्थ रहेका थिए । त्यसबेला नेकपा माओवादी केन्द्र, र ाष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), र ाष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र एकीकृत समाजवादीले विपक्षमा मत दिएका थिए । ७४ मध्ये सोमबार मत विभाजनमा विपक्षमा ४९ जना सांसद उपस्थित रहे ।

सत्तारुढ दलका सांसदहरू कानुन निर्माणमा कति संवेदनशील छन भनेर चेक गर्नका लागि मत विभाजन मागिएको बताउँछिन् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद सोबिता गौतम । उनी भन्छिन्, ‘सरकार दुईतिहाइ बहुमतमा छ । तर, विधेयक पारित गर्दा कति जनाले मत दिए भन्नेले सरकार र सत्तारुढ दलको संवेदनशीलता प्रष्ट्याएको छ ।’ सांसद गौतमका अनुसार सरकार फास्ट ट्र्याकमा कानुन बनाउँदैछ । सामान्यतया विधेयकमाथि दफावार छलफल संसदीय विषयगत समितिमा गर्ने अभ्यास छ । तर, सरकार सदनमै दफावार छलफल चलाएर विधेयक पारित गर्नेतिर अग्रसर छ ।

प्रतिनिधिसभा नियमावलीमा संसद्मा सरकारले विधेयक ल्याएपछि अगाडि बढाउने मुख्यतः दुई वटा विधि छ । एउटा विधी सभामा मात्रै छलफल गरेर पारित गर्ने र अर्को सभाले समितिमा पठाउने र समितिको प्रतिवेदन अनुसार विधेयक पारित गर्ने । पहिलो विधिलाई फास्ट ट्र्याक विधिको रुपमा लिने गरिन्छ । सोमबार पारित भएका दुवै विधेयक पहिलो विधि अनुसार पारित भएका हुन् ।

फास्ट ट्र्याकमा विधेयक अगाडि बढाएकोमा असन्तुष्टि रहे पनि भाग लिएर संशोधन राखिएको तर, सरकारले सम्बोधन गर्न सकिने विषयलाई समेत विपक्षीको प्रस्ताव भनेर लत्याउने काम भएको उनको दुःखेसो छ ।

‘विधेयकमा कुनै पनि कमा र फुलिस्टप समेत नचलाउने प्रवृत्तिले सरकार र सत्तारुढ दल विपक्षीप्रति कति उदार छन् भन्ने जनताले थाहा पाए,’ उनी थप्छिन्, ‘मत विभाजनमा सत्तापक्षका सांसदको उपस्थिति त आफैंमा अर्थपूर्ण छँदैछ ।’ सत्तापक्षका सांसदलाई सरकारले कसरी प्रयोग गरिरहेको भन्ने पनि प्रतिनिधिसभाको सोमबारको दृश्यले देखाएको गौतम बताउँछिन् ।

### दूरगामी अर्थ

रास्वपाकै सांसद गणेश पराजुली विधेयकमा रहेका विषयवस्तुमा समेत आफूहरूको असहमति रहेको बताउँछन् । ‘गैरआवासीय नेपाली नागरिकता दिने र दश वर्षसम्म भिसाको प्रावधान पनि ल्याउने । यो दोहोरो नीति भयो भनेर प्रश्न उठायौं । सरकारले विषयवस्तुको गम्भीरता समेत देखाएन’ मत विभाजन माग्नुको कारणबारे सांसद पराजुलीले संचारकर्मीसँग भने ।

भविष्यमा सरकारले बहुमतमा कस्तो ऐन बनाएको थियो र कति संख्याले पास गरेका थिए भनेर दर्ज गर्नका लागि समेत मत विभाजन माग गरिएको उनको भनाइ छ । प्रतिनिधिसभामा पराजुलीले नै सुशासन सम्बन्धी विधेयकका विपक्षीहरूको तर्फबाट मत विभाजन मागेका थिए । नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटा ‘सरकारलाई थप जवाफदेही र संसद्प्रति थप उयत्तरदायी बनाउने उदेश्य राखेर मत विभाजन’ मागिएको बताउँछन् ।

‘संसद्लाई भाइब्रेन्ट बनाउने उद्धेश्य हो । नियमावलीमा भएका अभ्यासहरूलाई पूर्ण अभ्यास गरौं भन्ने हो,’ उनी भन्छन्, ‘बहुमत छ भनेर सत्तापक्षले लापरबाही गर्दा चुप लाग्ने कुरा हुँदैन । विपक्षी दलहरू खबरदारी गरिरहेका छन् भनेर सन्देश दिन खोजिएको हो ।’ प्रतिनिधिसभा नियमावलीको नियम २९ मा विधेयक पारित गरियोस् भन्ने प्रस्तावमा मत विभाजन माग गर्न सकिनेसम्बन्धी व्यवस्था छ ।

सभामुखको घोषणाप्रति कम्तीमा २८ जना सदस्यले असहमति प्रकट गरेमा सभामुखले ‘हुन्छ’, ‘हुन्न’ र ‘मत दिन्न’ भनेर मत दिन पाउने गरी विभाजन गरिनुपर्ने प्रावधान छ । संसदीय अभ्यासमा यस्तो मत विभाजन विरलै मागिने गरिन्छ । किनभने, सरकार बहुमतमा हुने विश्वासमा ध्वनी मतको प्रयोग ज्यादा हुने गर्दछ । तर, नेपालको संसदीय अभ्यासमा बजेटमै मत विभाजन मागिएको उदाहरण पनि छ । नेकपा एमाले प्रमुख प्रतिपक्षी दलको भूमिकामा हुँदा १३ असार २०८० मा प्रतिनिधि सभामा विनियोजन विधेयक (बजेट)मा मत विभाजन भएको थियो ।

त्यसदिन विनियोजन विधेयक निर्णयार्थ पास गर्न सदनले अनुमति दिएपछि तत्कालीन अर्थमन्त्री प्रकाशशरण महतले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव राखेका थिएरु । उक्त प्रस्तावमा निर्णय लिन सभामुख देवराज घिमिरेले ‘हुन्छ’ र ‘हुन्न’ भनेर ध्वनि मत मागेका थिए ।

तर, एमालेका तत्कालीन सचेतक (हाल मुख्य सचेतक) महेश बर्तौलाले बजेटमा मत विभाजनको मागेका थिए । त्यसपछि बजेटमा मत विभाजन गर्दा पक्षमा १४७ मत र विपक्षमा १०८ मत परेको थियो । यही मत संख्यामा बजेट पारित भएको थियो ।

राष्ट्रिय सभामा पूर्वसचिव राजेन्द्र फुयाल विपक्षीले विधेयकमा मत माग्दा त्यसको सकारात्मक प्रभाव ज्यादा पर्ने बताउँछन् । उनी भन्छन्, ‘मत विभाजन माग्ने प्रावधान संसदलाई निरन्तर एक्टिभ राख्ने टुल्स हो ।’ पूर्वसचिव फुयालका अनुसार मत विभाजनको मुख्यतः दुईवटा अर्थ रहन्छन् । एउटा : सत्तापक्षका सांसदलाई संसद्मा निरन्तर उपस्थित हुन दबाब दिन्छ । अर्को : मत विभाजन गरेर लिइएको विषयको संवेदनशीलता थप ओझिलो हुन्छ ।

‘एकातिर, संसद्मा सत्तापक्षको निरन्तर उपस्थितिलाई सुनिश्चित गर्न मद्धत गर्छ,’ पूर्वसचिव फुयाल भन्छन्, ‘बहुमत नपुगे विधेयक फेल हुन्छ । विधेयक फेल भए सरकार नैतिक संकटमा पर्छ । यसकारण मत विभाजन माग्ने अभासले संसद्मा सत्तापक्षलाई निरन्तर उपस्थित हुन सहयोग गर्छ ।’

मत विभाजन नै गरेर निर्णय लिइएको विषयको गाम्भीर्यता पनि हुने उनको बुझाइ छ । अगाडि भन्छन्, ‘विषयवस्तुको गाम्भीर्यता भविष्यमा समेत अर्थ रहन्छ । हुन्छ र हुन्न भन्नेमा भन्दा मत विभाजनको महत्व अलिक ज्यादा हुन्छ ।’

*(स्रोतः अनलाइनखबर)*

# एक करोड बढीको कारोबार गर्दै सकियो २६ औं पुष्प मेला

साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/ भृकुटीमण्डपमा शुक्रबारदेखि जारी २६ औं फ्लोरा एक्स्पो सोमबार सम्पन्न भएको छ । चौथो दिनसम्म एक करोड ११ लाख रुपैयाँ बढीको कारोबार भएको छ ।

चौथो दिन मेलामा १० हजारभन्दा धेरैले अबलोकन गरेका थिए । अन्तिम दिनमात्र २१ लाख ८० हजार रुपैयाँबराबरको कारोबार भएको आयोजक संख्या फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान) का वरिष्ठ उपाध्यक्ष रामबहादुर तामाङले बताए । मेलामा व्यावसायिक ६७, ल्याण्डस्केपिङ एक, अफिसियल १०, प्रतियोगितात्मक प्रदर्शनी दुइ र फूडस्टल ३ वटासहित ८३ वटा स्टल राखिएको थियो ।

मेला अवलोकन गर्न सर्वसाधारणका लागि एक सय पचास र विद्यार्थीका लागि एक सय रुपैयाँ प्रबेश शुल्क तोकिएको र जेष्ठ नागरिकको हकमा निःशुल्क प्रबेशको ब्यबस्था गरिएको थियो । एक्स्पोमा आलंकारिक बोटबिरुवा, सिजनल फूल बिरुवाहरु, सुनाखरीका फूल बिरुवा, फलफूलका बोटबिरुवाको कारोबार भएको कार्यक्रम संयोजक तामाङले जानकारी दिए ।

# आरक्षणमा ७ र बाँकीमा ६ पटक मात्रै लोकसेवाको जाँच दिन पाउने प्रस्ताव

काठमाडौं, ४ चैत/ निजामती कर्मचारीमा सेवा प्रवेशका लागि आरक्षणमा ७ पटक र बाँकीमा ६ पटक मात्रै लोकसेवाको जाँच दिन पाउने प्रस्ताव आएको छ । यस्तो प्रस्तावउपर संसदीय समितिमा छलफल चलिरहेको छ । यस्तो प्रावधान अधिकृतको हकमा लागू हुनेछ ।

एकै व्यक्ति धेरै पटक लोकसेवामा अल्झिएर नरहोस् र समयमै सेवामा योग्य व्यक्ति प्रवेश गर्न सकोस् भनेर यस्तो प्रस्ताव अगाडि आएको समिति सदस्यहरू बताउँछन् । संघीय निजामती सेवा विधेयक हाल राज्य व्यवस्था समिति अन्तर्गत गठित उपसमितिमा दफावार छलफलमा छ ।

गत फागुन ९ गते राज्यव्यवस्था समितिले निजामती सेवा विधेयकमाथि छलफल गर्न ११ सदस्यीय संसदीय उपसमिति गठन गरेको थियो । नेपाली कांग्रेसका सांसद दिलेन्द्र प्रसाद बडुको संयोजकत्वमा गठित उपसमितिमा सदस्यहरूमा सांसदहरू अशोक कुमार राई, ईश्वरीदेवी न्यौपाने, चन्दा कार्की भण्डारी, प्रकाश अधिकारी, बुद्धिमान तामाङ, रघुजी पन्त, राजेन्द्र पाण्डे, लिलानाथ श्रेष्ठ, सर्वेन्द्रनाथ शुक्ला र हितराज पाण्डे रहेका छन् ।

उपसमितिको छलफलमा निजामतीमा प्रवेशका लागि आरक्षण तर्फ ७ पटक र बाँकीमा ६ पटक मात्रै लोकसेवाको जाँच दिन पाउने प्रस्ताव आएको हो । स्वास्थ्य सेवा र संसद् सेवाका कर्मचारीले निजामतीमा खुला प्रतिस्प्रधा गर्न पाउने लगायतका विषयमा पनि उपसमिति सहमति नजिक पुगेको छ ।

संघीय निजामती कर्मचारीमा अतिरिक्त सचिव ब्युँताउनेबारे छलफलमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र लोकसेवा आयोगका अधिकारीहरू छलफलमा जुटेका छन् । छलफलपछि निष्कर्षमा पुगिने अधिकारीहरू बताउँछन् । नेताहरूका अनुसार उपसचिवसम्म मात्रै खुला प्रवेश रहने विषयमा सहमति जुटेको छ । अन्य कतिपय विषयमा छलफल चलिरहेको छ ।

*(स्रोतः अनलाइनखबर)*

# संसद् सेवाका कर्मचारीले निजामतीमा खुला प्रतिस्पर्धा गर्न पाउने

काठमाडौं, ४ चैत/ स्वास्थ्य सेवा र संसद् सेवाका कर्मचारीले निजामतीमा खुला प्रतिस्पर्धा गर्न पाउने भएका छन् । खुला प्रतिस्प्रर्धामा गए सेवा अवधि नजोडिने भएकाले सेवा अवधि जोडिने गरी खुला प्रतिस्पर्धा गर्न पाउनुपर्ने सरोकारवालाहरूको माग थियो ।

त्यसआधारमा संसदीय उपसमितिले स्वास्थ्य सेवा र संसद् सेवाका कर्मचारीले निजामतीमा खुला प्रतिस्पर्धा गर्न पाउने विषयमा सहमति जुटाएका हुन् । यसलाई मूल समितिले अनुमोदन गरेको खण्डमा सभाबाट पास भएर अगाडि बढ्नेछ । संघीय निजामती सेवा विधेयक हाल राज्य व्यवस्था समिति अन्तर्गत गठित उपसमितिमा दफावार छलफलमा छ ।

गत फागुन ९ गते राज्य व्यवस्था समितिले निजामती सेवा विधेयकमाथि छलफल गर्न ११ सदस्यीय संसदीय उपसमिति गठन गरेको थियो । नेपाली कांग्रेसका सांसद दिलेन्द्र प्रसाद बडुको संयोजकत्वमा गठित उपसमितिमा सदस्रुयहरूमा सांसदहरू अशोक कुमार राई, इश्वरीदेवी न्यौपाने, चन्दा कार्की भण्डारी, प्रकाश अधिकारी, बुद्धिमान तामाङ, रघुजी पन्त, राजेन्द्र पाण्डे, लिलानाथ श्रेष्ठ, सर्वेन्द्रनाथ शुक्ला र हितराज पाण्डे रहेका छन् । उपसमितिलाई एक महिनाभित्र विधेयकको प्रतिवेदन समितिमा पेस गर्न समयावधि दिइएको छ ।

माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

नोट :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



“नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !”

काउन्टर लोकेशनः कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५२१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना